
साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४२ अंक १२ २०८० असोज २३, मंगलबार (Oct. 10, 2023) मूल्य रू. १०/-

## भूपू बरिष्ठहरू किन हण्डी खान्छन् ?



काठमाडौं । पूर्व राष्ट्रपतिलाई मासिक ५० हजार वृत्ति, आवासका लागि मासिक २ लाख, मर्मत खर्च १ लाख, सवारी, मर्मत मासिक २५ हजार, इन्धन (२०० लि. र ५. लि), चालक, उपसचिव स्तरको निजी सचिव, कार्यालय सहयोगी, सुरक्षाकर्मी, पत्रपत्रिका, इन्टरनेट, बिजुली सुविधा पनि दिइन्छ । यतिले त तातोपानी मात्र खान पुग्छ भन्ने हो भने के औषधि छ ?

हरेक दल मिसन ०८४ भनेर हल्लाखल्ला गरिरहेका छन् । ४८ सय भीआइपी, पूर्व विशिष्टहरूलाई गरीबले करतिरेर किन आजीवन पाल्नुपर्ने, अबको चुनावमा प्रश्न उठ्नुपर्छ । प्रश्न त वर्तमान संसदमै उठ्नुपर्ने हो, जनतालाई राहत छैन, यिनलाई भत्तेर ? पदमा हुँदा गलगित्त तलव, भत्ता, सुविधा लिने, अवकाशपछि झन बढी असुल्ने ? यही हो देश र जनताप्रति जवाफदेही हुन्छु भनेर खाएको शपथ ? प्रश्न उठ्नुपर्छ ।

# अमेरिकाले के सन्देश दियो ?

## फेरि राष्ट्रसंघ गुहार्न लागेको हो ?



काठमाडौं । असोज २६ गते राष्ट्रसंघका महासचिव एन्टोलियो गुट्रेस नेपाल आउँदैछन् । प्रधानमन्त्री प्रचण्डले राष्ट्रसंघमै पुगेका बेलामा २०६३ सालमा भएको जनयुद्धको समाप्ति र शान्ति सम्झौता १८ वर्षमा पनि टुङ्गिन नसकेकोले टुङ्गोमा पुऱ्याउन राष्ट्रसंघका महासचिवलाई गुहारेको अर्थमा पनि यो भ्रमणलाई हेरिएको छ ।

त्यतिबेला राष्ट्रसंघले अनमिन पठाएको थियो र लडाकु समायोजन र हतियार बुझबुझारथसमेत सम्पन्न भएको थियो । तर जनयुद्धकालीन मुद्दाको संक्रमणकालीन न्याय सम्पन्न हुन नसकेकाले त्यो कार्य सम्पन्न गर्न प्रधानमन्त्री प्रचण्डले राष्ट्रसंघका महासचिव गुटरेसलाई औपचारिक रूपमै आग्रह गरेका कारण महासचिवले नेपालको शान्ति सम्झौतालाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि अर्को राष्ट्रसंघीय प्रतिनिधि मण्डल नेपाल आउन सक्ने अनुमान अहिले देखि नै गर्न थालिएको छ ।

राजनीतिक रूपमा सम्पन्न हुन नसकेको र सहमतिमा पुग्न अप्ठेरो परेको अवस्था छ । राज्यले पेश गरेको विधेयकमा बेपत्ता तथा मारिएका परिवारजनले असन्तुष्टि जनाएका छन् । बेपत्ता तथा मेलमिलाप आयोगमा ६४ हजारभन्दा बढी उजुरी परेका छन् । पीडकलाई दण्ड र पीडितले न्याय पाउनुपर्ने आवाज उठिरहेको छ । महासचिवको मुख्य एजेण्डा नै शान्ति सम्झौता हुने निश्चित जस्तै छ ।



काठमाडौं । असोज २० गते, एमसीसीकी प्रमुख कार्यकारी एलिस पी अलब्राइटले प्रधानमन्त्री प्रचण्ड, पूर्वप्रधानमन्त्री देउवा र प्रमुख प्रतिपक्षी ओलीलाई विशेष सन्देश दिएकी छिन् ।

एमसीसीकी प्रमुखले सत्ताधारी र प्रतिपक्षी दलका नेतालाई दिएको सन्देश गम्भीर प्रकृतिको छ । १२ बुँदे व्याख्यात्मक टिप्पणी स्वीकार भएको होस् वा नहोस्, नेपालका प्रमुख दल र सरकारले भदौ १३ पछिको ५ वर्षमा एमसीसी सम्पन्न गर्ने विश्वास दिलाएका छन् । प्रमुख मागकर्ता र बिरोधी नेकपा माओवादी सत्ता मुखिया छ, त्यही पार्टीभित्र सन्तोष असन्तोष पनि छ, एमसीसी सम्पन्न हुँदैन, फिर्ता जान्छ भन्नेहरू पनि माओवादीभित्रै छन् । माओवादी अब पछि हट्नसक्ने दोबाटोमा छैन । सत्ता गौण हो, विश्वासको पालना प्रमुख भएको छ ।

असोज १८ गते प्रम प्रचण्डले एमसीसी समयमै सम्पन्न हुने बताएका छन् । प्रम प्रचण्ड अमेरिका हुँदै चीन भ्रमणबाट फर्के लगत्तैको यो अभिव्यक्तिले तत्काल नेपाल आएकी एमसीसी प्रमुख अलब्राइट सन्तुष्ट भएको बताइन्छ । अलब्राइटले अर्थमन्त्री र अन्य सरकारी अधिकारीलाई समेत भेटेर एमसीसीका समस्या, समाधान, सबै पार्टीको सहयोग र सरकारको प्रतिवद्धता बुझेकी थिइन् । अब प्रश्न छ, एमसीसीमात्रै कि एसपीपीतिर पनि नेपाल संलग्न हुन खोजेको हो ? एमसीसी गत भदौ १३ पछिको ५ वर्षमा पूरा हुन नसके एमसीसीको परिणाम के हुन्छ ? पार्टी र जनस्तरमा समेत थरि थरिका चर्चा परिचर्चा बढेको छ । स्पष्ट बताउन कोही पनि तैयार देखिदैनन् ।

एमसीसी प्रमुखको विचार छ- प्रधानमन्त्री उपस्थित विशेष कार्यक्रममा उनले नेपाल कम्प्याक्टलाई सफल बनाउन बलियो साझेदारका रूपमा उभिन आफूहरू प्रतिबद्ध रहेको उल्लेख गर्दै भनिन्, प्रधानमन्त्रीज्यू म यो कम्प्याक्टलाई लिएर तपाईँले देखाउनुभएको नेतृत्व र प्रतिबद्धताप्रति बधाई दिन चाहन्छु । अमेरिका एमसीसी नेपाल कम्प्याक्ट सफल बनाउन र मित्रताका लागि बलियो साझेदारका रूपमा उभिन अमेरिका प्रतिवद्ध छ । एमसीसी कम्प्याक्टको ५ वर्षे अवधि सुरू भएकोमा उत्साहित छु ।

फर्कने क्रममा अलब्राइटले भनिन्- सबै एमसीसी मार्फत हुने आधारभूत संरचना निर्माणको पक्षमा हुनुहुन्छ, हामीलाई सबैले स्पष्ट रूपमा परियोजना सम्पन्न हुन्छ भनेर आश्वस्त पार्नुभएको छ । परियोजनाका सम्बन्धमा जे भइरहेको छ, त्यो राम्रो सुरूवात हो ।

यद्यपि अमेरिकाले संसदले पारित गरेको व्याख्यात्मक टिप्पणीमा सहमत छौं भनेपनि भ्रष्टाचार बढेको र कर प्रणालीका विषयमा पनि प्रश्न उठाएको छ । परियोजना ५ वर्षमा सम्पन्न गर्नैपर्छ, यो कानुनी व्यवस्था हो । जे जस्ता अवरोध आउने छन्, ती सबै समस्याको हल नेपाल सरकारले गर्नुपर्नेछ ।

नेपालको एक तिहाइ भूभाग समेट्ने ३१५ किलोमिटर लामो प्रसारणलाइन निर्माण ठेक्का, जग्गा अधिग्रहण आदि समस्या छन् । विश्लेषक भन्छन्- नेपालमा बढ्दो चीनको प्रभावलाई कम गर्नु यो परियोजनाको भित्री उद्देश्य हो ।

## झलनाथ खनाललाई सर्पको भारी



काठमाडौं । सर्लाहीको लालबन्दीस्थित झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठानले सर्प पाल्न पाएको बजेटमा १८ करोड भ्रष्टाचार गरेको आरोपसहित ७ जना विरूद्ध मुद्दा चलाएको छ । खर्च भएको तर प्रगति जिरो भएको अख्तियारको आरोप छ ।

अख्तियारले तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विजय कुमार र सर्लाहीको लालबन्दी नगरपालिकाका पूर्व मेयर मानबहादुर खड्कासमेत यो भ्रष्टाचारमा मुछिएका छन् । झलनाथ खनाल प्रतिष्ठानले सर्प दंशको ओखती उत्पादन गर्ने भन्दै (एन्टी स्नेक भेनम) अनुसन्धान केन्द्र चलाएको छ । अख्तियारको ठाडै भ्रष्टाचार गरेको, काम नगरेकोमा कैद र जरिवानाको पनि माग दावी छ ।

मैले सर्प पाल्न कुनै सरकारी अनुदान लिएको छैन भनेर झलनाथ खनाल उफ्रिएको केही दिनमै अख्तियारले मुद्दा दायर गर्नु र प्रदेश मन्त्री, मेयरसँग मिलोमतोमा अनियमितता गरेको आरोप अख्तियारले लगाउनुले झलनाथ जिल्लाराम परेका छन् । अदालतमा राजनीतिक दबाबले काम गरेन भने झलनाथ खनालसमेत जेल पर्नसक्ने आँकलन गरिएको छ । यतिबेला देशैभरि भ्रष्टाचार, अनियमितताका विरूद्ध आवाज उठिरहेकाले पनि अदालत राजनीतिक प्रभावमा नपर्ने धेरैको विश्वास छ ।

**र, माधव कुमार नेपाल** - ले हिन्दुहरूलाई बढी विदा दिइएकाले हिन्दु चाडपर्वका विदा कटौती गर्न माग गरेका छन् । माधव कुमार नेपाल इसाइकरणप्रति सद्भाव राख्ने र इसाइ प्रचारमा लागेको आरोप लामो समयदेखि लाग्दै आएको छ, अब हेर्नुछ, सत्ताधारी माधव नेपालको प्रस्तावको ओजन कति रहेछ ?

## ज्यानमारा उन्मुक्तिमाथि नैतिक प्रश्न



काठमाडौं । कांग्रेस तरूण दलका कार्यकर्ता योगराज ढकाल उर्फ रिगललाई संविधान दिवसका अवसरमा 'अपराध माफ' दिएर उन्मुक्ति दिएको विषय सर्वोच्च अदालतदेखि आमनागरिकसम्म आक्रोशको विषय सरकार प्रमुख र राष्ट्रप्रमुख प्रचण्ड र रामचन्द्र पौडेललाई माखेसाङ्लो बन्न पुगेको छ ।

६ सय ७० लाई आममाफी दिंदा पैसाको लेनदेन भएको भनेर सत्तारूढ कांग्रेसकै महामन्त्रीले संसदमा प्रश्न उठाएका छन्, अदालतले यस विषयलाई प्राथमिकतामा राखेर महान्यायाधिवक्ता र राष्ट्रपतिको आममाफी दिने निर्णयसमेत मगाएको छ । दोषीलाई कानुनी कठघरामा उभ्याउनु पर्ने सरकारले नै संविधान दिवसको अवसर पारेर माफी दिने ? यो देशव्यापी बहसको विषय बनेको छ । रिगलद्वारा लखेटी लखेटी हत्या गरिएका चेतन मानन्धरकी श्रीमती भारतीले राज्यबाट थप प्रताडना र अन्याय भयो भनेर सडक र अदालतमा खडा भएपछि सरकार र राष्ट्रपति नैतिक प्रश्नमा परेका हुन् ।

दोष गृहमन्त्रीको, मन्त्रिपरिषदको कि राष्ट्रपतिको ? अदालतले छिनोफानो गर्नेछ । भारती अदालतमै बेहोस भएपछि विधिको शासनसमेत तरङ्गित हुनपुगेको छ ।

अदालतले निर्णय गर्ला तर यो उन्मुक्तिमा राष्ट्रपति, गठबन्धन सरकारवीच अपराधिक कार्यमा मिलोमतो गम्भीर सवाल हो । समाजमा भय बढायो यो घटनाले ।

राष्ट्रपति सरकारतिर देखाउँछन्, सरकारले जवाफ फर्काउला तर रिगललाई छुटाउन गरिएको लिगलमाथिको हस्तक्षेपले संविधानसमेत प्रताडित हुनपुगेको छ ।

परिवर्तनका संवाहक सत्तामा पुगेको बेलामा संविधानको अपव्याख्यासहित यति ठूलो अपराध ? अब अदालतले भारतीले मागेको न्याय दिनुपर्नेछ । यसरी न्याय दिंदा राष्ट्रपति, सरकारको हैसियत के होला ? कि संविधानअनुसारको निर्णय ठहर्ला ? कानुनले न्यायको संरक्षण गर्ला कि सत्ताको षडयन्त्रको, यो प्रश्न सर्वत्र उठेको छ ।

## भुटानले सीमामा तारबार लगायो, नेपाल के गर्दैछ ?





काठमाडौं । सर्वोच्च अदालतले पुनः सरकारलाई आदेश दिएको छ- खुला सीमा व्यवस्थित गर । सरकारले अदालतको आदेशलाई समेत अवमान्ना गरेर आदेश सुनेको नसुन्यै गरेर बसेको छ ।

भारतकै सुरक्षा छातामुनी रहेको भनिएको भुटानले समेत आफ्नो चौहद्दीलाई सुरक्षित पार्न तारबारले घेर्न थालेको छ । यसरी तारबार लगाएपछि अतिक्रमणको जोखिम टर्छ, अनधिकृत कार्य रोक्न पनि सहज हुनेछ ।

स्मरणीय छ, ड्रागन किङ्ग अर्थात राजा जिग्मे केशर नामग्यालले भारतसँग चलाखीपूर्ण कूटनीतिक दक्षताका साथ व्यवहार गरेर आफ्नो सीमालाई पर्खाल नै लगाएर सुरक्षित पार्न सुरू गरेको छन । राजा सबैभन्दा बढी राष्ट्रवादी हुन्छन्, राष्ट्र छ र राजा हुन पाइन्छ भन्ने देशभक्तिपूर्ण सोचकै कारण सानो हिमाली मुलुक भुटानले आफ्नो सीमालाई सुरक्षित पार्ने निर्णयमा पुगेको हो । भुटानको यो निर्णय र काममा भारतले कुनै आपत्ति जनाउन सकेको छैन ।

नेपालमात्र त्यस्तो देश हो, जसले आफ्नो १८ सय ८० किलोमिटर लामो खुसा सीमालाई नियमन गर्नुपर्छ भनेर निर्णय लिन सकेन । अदालतले आदेश दिंदासमेत यसतिर ध्यान दिएन । भारतकै सहमतिमा गठन भएको इपीजीको रिपोर्ट समेत भारतले बुझ्न मानेन, नेपालले त्यो रिपोर्ट सार्वजनिक गर्न पनि सकेन । यो रिपोर्टमा पनि सीमा नियमन गर्नैपर्ने सुझाव रहेको छ । नेपालका नेताहरू कति राष्ट्रवादी छन् भन्ने कुरा कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतले हजम गरिसक्दा पनि नक्सा समातेर बस्नुले स्पष्ट हुन्छ ।

भारत रिसायो भने खान्की खोसिने, चुनाव जित्न नसकिने, सत्ता गुम्ने भय छ हाम्रा नेताहरूलाई । आफू उभिएको धर्तीको रक्षा गर्न नसक्ने नेता छन् नेपालमा । जुन नेता आफ्नो साँध सीमाको विषयमा जान्दैनन्, उनीहरू लोकतन्त्रवादी, अग्रगमनकारी रे ?

भुटानको सीमा स्पष्ट छ । भारतको असमसँग २६७ किलोमिटर, अरूणाचल प्रदेशसँग २१७ किलोमिटर, पश्चिम बंगालसँग १८३ किलोमिटर, सिक्किमसँग ३२ किलोमिटर समेत ६९९ किलोमिटर सीमा जोडिएको भुटानले यसरी फलामे डण्डीमा ढलान गरेर घेर्न थालेको छ । ठूलो पर्खाल बनाएपछि अतिक्रमणको समस्या सदाका लागि हल हुनेछ । सीमाको विषयमा चिन्ता लिनुपर्ने छैन, विकासमा लाग्ने र सेवाग्राहीलाई सेवा दिएर सुशासन कायम गर्न सहन हुनेछ ।

अगस्त ८, १९४९ मा दुवै देशबीच शान्ति र हस्तक्षेप नगर्ने नाममा गरिएको सन्धि मातहत भुटानको रक्षा र विदेश मन्त्रालयको जिम्मा भारतले लिएको छ । यही सन्धि अन्तर्गत ३३६ मेगावाटको चुखा जलविद्युत आयोजना भारतको सहयोगमा बनाइयो र भुटानले यस योजनाबाट बढीभन्दा बढी लाभ लिएर आर्थिक उन्नति गर्दै गएको छ । भुटानको वर्तमान परक्यापिटा इन्कम १० हजार ४ सय असी डलर छ । नेपाल विश्वमै दोस्रो ठूलो जलविद्युत शक्ति भएको मुलुक भएर पनि उत्पादन हुनसकेन । परक्यापिटा इन्कम ४ हजार ६० रहेको छ । खुला सिमानाका कारणले नेपालको उन्नति हुन नसकेको हो ।

लोकतन्त्र छ, संविधान छ, संसद र सरकार पनि छ । कानुन व्यवस्था भने खलबलिएको छ । कोही पनि विश्वासयोग्य छैनन् । इमान र नैतिकताको अभाव छ । अव्यवस्थित व्यवस्थाले अराजकता बढेको छ । यसकारण विदेशीले हेप्ने, दखल दिने, अनैतिक बन्न बाध्य पार्ने कार्य बढ्दै गएको देखिन्छ । विदेशी प्रभाव बढ्दो छ ।

## ललिता निवास भ्रष्टाचार प्रकरण खोदा पहाड निकला चुहा

काठमाडौं । सरकारी जग्गा अर्थात् ललिता निवास भूमाफिया प्रकरण, यति ठूलो भ्रष्टाचार काण्ड हो कि सिङ्गो मुलुकमा सनसनी फैलिएको थियो । प्रचण्ड सरकारले अब ठूला माछाजति जेलमा कोच्ने भयो भन्ने प्रचार थियो । तर यतिबेला ललिता निवास भ्रष्टाचार प्रकरण खोदा पहाड निकला चुहा बनेको छ ।

ललिता निवास जग्गा भ्रष्टाचारमा २ पूर्व प्रधानमन्त्री, ६ पूर्व मन्त्री, २ पूर्व मुख्य सचिव, ५ पूर्व सचिव, १४ पूर्व सचिव, १७ पूर्व सहसचिवसहित ४ सय ३२ जना संलग्न रहेका थिए । यत्तिकैमाथि पक्राउ पूर्जी जारी भएको थियो । सरकारका डेढसय पदाधिकारी कर्मचारीसहित अनेक राजनीतिक र दलालहरू संलग्न रहेको यति भयानक मुद्दा आखिर तात्यो तात्यो र एक्कासी चिस्सियो पनि ।

सबैको आवाज थियो अनुसन्धान हुनुपर्छ,दोषीमध्य मुख्य दोषीमाथि पहिल्याउनु पर्छ । आदेशको पालना गर्नेलाई होइन, आदेश दिनेलाई छाडिनु हुन्न । कानुन कछुवा गतिमा थियो, मिडियामा ठूलै भूकम्प गएकै हो । आखिरमा दोषी उम्काउने प्रपञ्च कामयाव भयो । सरकारी जग्गा हिनामिना गर्नेमाथि कसैलाई पनि दण्ड हुनसक्ने अवस्था न्यून बन्दै गएको टिकाटिप्पणी हुन थालेको छ ।

यसको मुख्य कारण आफ्नालाई बचाउने, प्रतिपक्षलाई फसाउने विभेदकारी दृष्टिकोण हो । जसरी पनि राजनीतिक लाभ हानी हेर्दा देशमा भ्रष्टाचारका ठुला ठूला काण्डका फाइल खुल्छन् र अनायास नै बन्द पनि हुन्छन् । हुन त टनका टन सुन, किलोका किलो सुन प्रकरणमा पनि भएको यस्तै हो । सोझासाझालाई फसाउने र मुख्य दोषीलाई बचाउने खेल राजनीतिक अपराधिकरणले गरेका कारण प्रशासन र कानुनसमेत दयनीय बन्नपुगेका अनेक घटनाहरू देखिन्छन् ।

# खोई न्याय, कहाँ छ न्याय ?



काठमाडौं । १३ वर्षकी बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको ६ वर्ष भयो, हत्यारा पत्ता लाग्न सकेन, न्याय माग्ने मागिरहेकै छन् ।

१७ वर्षे छोरा कृष्णप्रसाद अधिकारीलाई ०६१ साल जेठ २४ गते माओवादीले अपहरण गरेर माऱ्यो, ज्यानमारालाई कारवाही गरिपाऊँ भनेर श्रीमती गंगामाया अधिकारीसँगै आमरण अनसन बसेका नन्दप्रसाद अधिकारीको ३ सय ३३ दिनपछि २०७१ असोज ७ गते निधन भएको थियो । उनको शव अहिले पनि टिचिङ अस्पतालमा छ, गंगामायाँ न्यायको माग गरिरहेकी नै छिन्, न्याय हरायो ।

अनेक नेता, सामाजिक अभियन्ता, नागरिक समाज, अधिकारकर्मीले पटक पटक न्याय दिलाइदिने आश्वासन दिए पनि गंगामायाले न्याय पाइनन् । न त निर्मला पन्तका आमाबाबुले न्याय पाए । आजकल गंगामायाँ भन्ने गर्छिन्- यो देशमा न्याय मरिसक्यो, कसैले न्याय दिलाउन सक्दैनन् । निर्मला पन्तका आमाबाबु पनि यो देशमा गरिब मारिन्छ, बलात्कारी, हत्याराले छुट पाउँछ भन्छन् ।

लोकतन्त्रमा न्याय बाँच्नुपर्छ, न्याय पाइन्छ भन्ने विश्वास जनजनमा हुनुपर्छ । निर्मला पन्तका परिवारजन, गंगामायाँले न्याय नपाउँदा लोकतन्त्रमा न्याय मरेछ भनेर जो कसैले भन्नसक्छ । यो कस्तो लोकतन्त्र हो, जहाँ न्याय नै दण्डित हुन्छ ।

निर्मला पन्तको २०७५ साल साउन ११ गते बलात्कार भएको थियो, जुन काण्डले सर्वाधिक चर्चा पायो तर अझै यो हत्याकाण्ड रहस्यमय रहेको छ ।

प्रहरीले बलात्कारमा प्रयोग भएका सामान धोएको दृश्यसमेत सार्वजनिक भयो, अनेक अनुसन्धान टोलीहरू बने, कुनै अनुसन्धानबाट पनि बलात्कारी पत्ता लागेन ।

हरेक अनुसन्धान टोलीहरू असक्षम भएकैले यो बलात्कार काण्ड नसुल्झिएको गुत्थी बनेको हो त ? यो मान्न कोही तैयार छैनन्, किनभने विश्वमा नाम कहलिएको सुरक्षा निकाय छ नेपालमा । संसारका मै हुँ भन्ने सुरक्षा असफल भएका काण्डनाइकेहरूलाई नेपाली सुरक्षाकर्मीले पक्राउ गरेका छन, तर...यो काण्ड ।

यसकारण निर्मला बलात्कार काण्डका दोषी सुरक्षाको नजरबाट टाढा छन् भनेर कोही मान्न तैयार छैनन् । तर सुरक्षा निकाय पटक्कै मुख खोल्दैन, किन ?

ठूलै राजनीतिक नेताका सन्तान यो काण्डमा संलग्न छन् भनिन्छ । के ठूलालाई कानुन लाग्दैन ? ठूलाले बलात्कार गर्न पाउँछन् ? हत्या गरेर छुट हुन्छ तिनलाई ? त्यसो हो भने समाज जंगल बन्यो, सुरक्षा निकाय किन चाहियो ? सभ्य समाज रहेन भनेर घोषणा गरिदिए भयो त ? लोकतन्त्रवादीले केको धक्कु लगाउनु कुन्नी ?

कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको बलात्कार र हत्या प्रकरणको अनुसन्धानमा संसदमा प्रश्न उठ्दैन, सरकार बोल्दैन, अलपत्र अवस्था छ । निर्मला पन्तका यी आमाबाबुले न्याय पाउने कहिले ? देशमा विधिको शासन कहाँ छ ?

यसपछि अनेक बलात्कार र हत्याकाण्डहरू भएका छन् । केहीका खुलासा भएका छन् भने अधिकांश रहस्यकै गर्भमा रहेका छन् । सुरक्षाले आफ्नो अनुहार आफैले हेर्ने बेला भो । तर शासन प्रशासन चलेकै छ, अपराध बढेकै छ । विधिको शासन रोइरहेको छ । राजनीतिक दलहरूले भागबण्डामा न्यायलय र शासन प्रशासनलाई बन्दी बनाँएका छन् । यसरी पनि लोकतन्त्र चल्ने रहेछ ।

हुन त लोकतन्त्र र गणतन्त्र दिवसमात्र होइन, संविधान दिवसका नाममा जघन्य अपराधीलाई माफी दिने काम ठूला दलका ठूला नेताहरूले गरिरहेकै छन् । यसरी पनि गणतन्त्र चल्ने रहेछ । यस्तो गणतन्त्र कहिलेसम्म चल्ला ? चर्चा छ ।

# राजनीतिक परिवर्तन कि शान्ति सम्झौता ?



**डा. केशव देवकोटा**

देश यतिबेला तीब्र रूपमा राजनीतिक परिवर्तनको बाटोमा अगाडि बढिरहेको छ । तत्कालीन नेकपा ( माओवादी) का मुख्य नेताहरू पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईमा आएको राजनीति बिचलन, ०६३ मा देशमा लागू गराइएको राजनीतिक ब्यवस्थाको असफलता, क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतको आमूल परिवर्तनकारी राजनीति र राजावादीहरूको ०४७ को संविधान पुनर्स्थापना गराउने प्रयास लगायतले देशलाई राजनीतिकरूपले चौबाटोमा पुऱ्याएको छ । यतिबेला नेपालमा राष्ट्रिय राजनीति शुक्ष्म रूपमा तीनतिरको तानातानमा परेको छ । सत्ता र शक्तिमा रहेका नेपाली कांग्रेस र माओवादी केन्द्रलगायतका दलहरू देशलाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अलग, थलग बनाएर बिघटनमा पुऱ्याउने प्रयास गरिरहेका छन् । उनीहरूले देशलाई राजनीतिकरूपले भुटानको अवस्थामा पुऱ्याइसकेका छन्भने सिक्किम बनाउन जोरजुलुम भैरहेको देखिएको छ । जसका लागि नेपाली शक्तिलाई पछाडिपार्दै विदेशी हस्तक्षेपलाई अगाडि बढाइएको छ । असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिलाई समाप्त प्राय: अवस्थामा पुऱ्याइको छ । सत्ता र शक्तिमा रहेकाहरूले राष्ट्र, राष्ट्रियता र देशभक्तिको नामसमेत लिन छाडेका छन् । क्रान्तिकारी कम्युनिष्ट पार्टीले देशलाई आम परिवर्तनको बाटोमा लानका लागि बिभिन्न नीति तथा कार्यक्रमहरू सार्बजनिक गरेको छ । उसले ०७२ को संविधानलाई नेपालको राजनीतिक अस्थिरताको 'मुख्य जड' भनेको छ भने ०६३ पछि देशमा लागू गराइएको ब्यवस्थालाई प्रतिक्रियावादी ब्यवस्थाको कोटीमा राखेको छ । उसले गत ०७९ मंसिर चारमा भएको निर्वाचन बहिष्कार गरेको थियो ।

नेकां र माओवादी केन्द्रलगायतका संसदवादी दलहरूले मंसिर चारको निर्वाचनले दिएको जनादेशलाई नमानेर उल्टोपटीबाट सरकार गठन गरेका कारण क्रान्तिकारीहरूलाई यो 'खसीको टाउको देखाएर कुकुरको मासू बेच्ने ब्यवस्था हो' भन्ने साबित गराउन बल दिएको छ । उसलाई देशभर संसदीय ब्यवस्थामा निर्वाचनको कुनै औचित्य नरहेको बताउन सहज भएको छ । संसदीय राजनीति मान्नेहरूले कहिल्यै पनि यसरी अत्यन्त न्युन संख्या रहेको संसदको तेश्रो दलको नेतृत्वमा सरकार गठनगर्ने र पहिलो दललाई सहयोगीमात्र बनाउने काम गर्दैनन् । यस्तो घटना नेपाली कांग्रेसको गैह्रजिम्मेवारीपनका कारण भएको हो । नेकांले शुरूमै मंसिर चारको जनादेशलाई बुझेर आफ्नो नेतृत्वमा एमाले सहितको सरकार गठन गरेको भए आजको जस्तो अन्योलको अवस्था आउने थिएन । माओवादी केन्द्रलाई छाड्नै नसक्ने अवस्था थियो भने उसलाईसमेत सामेल गरेर त्रिदलीय सरकार बनाउन सकिने अवस्था पनि थियो । नेकांले यदि आफ्नो गल्ती सच्याउन चाहाने होभने अझैपनि नेकां र एमालेको सरकार गठन गराउन सकिने अवस्था छ । नेकां र माओवादी केन्द्रले जनादेश बिपपिरत सरकार गठन गरेका कारण यतिबेला सरकार चौतर्फी बिरोधकोबीचमा परेको छ । नेकां र माओवादी केन्द्र निर्वाचनको जनादेश पनि नमान्ने, राष्ट्रिय महत्वका मुद्धाहरूमा प्रतिपक्षी दलहरूलाई सहमतिमा लिएर कामगर्न पनि नसक्ने र विदेशीलाई नेपालमा गुहार्नेमात्र अवस्थामा रहेका कारण यो सरकारले नेपाल र नेपालीको हितमा काम गर्दैनभन्ने स्पष्ट भैसकेको छ । नेकां र माओवादी केन्द्रले ल्याएको संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीजस्ता कुराहरू असफल भैसकेका छन् । संघीयतालाई नेपालमा देशकै सेतो हातीकारूपमा लिने गरिएको छ । कोशी प्रदेशमा भैरहेको पटक, पटकको सरकार परिवर्तन र अन्य प्रदेशहरूमा बढ्दैगएको राजनीतिक कलहले उपरोक्त कुराको पुष्टि पनि गरेका छन् । देशको कूल बजेटको झण्डै ७५ प्रतिशत रकम प्रदेशहरूको ब्यवस्थापनमा खर्च भैरहेको छ । नेपालको कूल सार्वजनिक ऋण २३ खर्ब नौ अर्ब ८६ करोड ९६ लाख बराबर पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पछिल्लो विवरणअनुसार भदौ मसान्तसम्म नेपालले कुल ११ खर्ब ४० अर्ब ५३ करोड बराबर आन्तरिक र ११ खर्ब ६९ अर्ब ३३ करोड बराबर बाह्य ऋण तिर्न बाँकी देखिएको छ । गत आर्थिक वर्ष २०७९/८० सकिँदासम्म देशको ऋण २२ खर्ब ९९ अर्ब ३५ करोड २४ लाख बराबर रहेकोमा चालु आर्थिक वर्षको शुरूवाती दुई महिनामै १० अर्ब ५१ करोड बराबर ऋण थपिएको पाइएको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादन ( जिडिपी)को तुलनामा कुल राष्ट्रिय ऋण दायित्व करिब ४३ प्रतिशत बराबर पुगेको देखिन्छ । हाल नेपालको जिडिपी आकार ५३ खर्ब ८१ अर्ब ३३ करोड बराबर रहेको छ । जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पूँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर हुनुले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्नसक्ने देखिएको छ । तर बर्तमान सरकार फजुल खर्चगर्नपनि पछि हटेको छैनभने विदेशी र स्वदेशी ऋण लिन पनि निरन्तर प्रयासरत रहेको छ । अझ एमसीसी, बीआरआईका कारण देश टाट उल्टिने अवस्था बढ्दै छ । त्यसैले सरकारका बिरूद्ध क्रान्तिकारी र राजावादी शक्तिहरू अलग, अलग मोर्चाबाट लडिरहेका छन् । राष्ट्र र राष्ट्रियताको सवालमा उनीहरूका बीचमा अघोषित रूपमै भएपनि सामन्जस्यता देखिएको छ ।

मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टीको गत आइतबार सम्पन्न बैठकले बर्तमान सरकार बिरूद्ध देशब्यापि आन्दोलन अगाडि बढाउने निर्णय गरिसकेको छ । सबै जिल्ला प्रशासन कार्यालयहरूमा मागपत्र पेश भैसकेका छन् । उसले माओवादी केन्द्र र उसका सहयोगी पार्टी बाहेकका अन्य कम्युनिष्ट पार्टीहरूलाई गोलबन्दगर्ने प्रयास पनि गरिरहेको समाचार बाहिर आएको छ । त्यसैगरी राजावादीहरूले पनि देशब्यापि रूपमा आन्दोलन अगाडि बढाउन थालेका छन् । जसका कारण धरान, मलंगवा र नेपालगञ्ज लगायतका स्थानहरूमा कतिपय धार्मिक प्रकृतिका घटनाहरू पनि भैसकेका छन् । बर्तमान सरकारमा रहेकाहरूलेनै देशमा जातीय युद्ध गराउन खोजेको आरोप लाग्नेगरेको छ । कोशी प्रदेशमा नेकां र माओवादी केन्द्रको प्रत्यक्ष संलग्नतामा जातीय नाराहरू लगाइएको छ । यस्तै अवस्था रहेको खण्डमा अब काठमाडौं उपत्यकामासमेत बिभिन्न किसिमका सडक प्रदर्शनहरू नहोलान भन्न सकिने अवस्था छैन । बर्तमान सरकारमा रहेकाहरूले आफ्नो सत्ता टिकाउनका लागि एकातिर देशलाई नै जातीय द्वन्दमा धकेल्ने प्रयास गरिरहेका छन्भने अर्कातिर त्यसैलाई उदाहारण बनाएर संयुक्त राष्ट्रसंघलाई गुहार्ने र सो संस्थाको आडमा अर्को १०-१५ बर्ष सत्ता र शक्तिमा टिक्ने खेलहरू पनि खेलिरहेका छन् । त्यसैका लागि प्रम दाहालको बिशेष जोडबल र निमन्त्रणामा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस आगामी २६ गते तीनदिने भ्रमणका लागि नेपाल आउने हुनुभएको छ । राष्ट्रसंघलाई ०६३ मा भएको शान्ति संझौतालाई टुंगोमा पुऱ्याउन सहयोगका लागि आग्रह गरिएको छ । बर्तमान सरकारले औपचारिकरूपमा आग्रह गरेका कारण फेरी शान्ति संझौतालाई टुंगोमा पुऱ्याउन भन्दै राष्ट्रसंघका प्रतिनिधि नेपालमा आउने संभावना रहेको छ । राष्ट्रसंघका प्रतिनिधि नेपालमा आएको खण्डमा अन्य आन्दोलनकारी पक्षहरूलाई आआफ्नो आन्दोलन अगाडि बढाउन अप्ठेरो पर्ने निश्चित छ । आफूहरूले नेपालमा लागू गराएको राजनीतिक ब्यवस्था र संविधान असफल भएका कारण हाल सत्तामा रहेकाहरूले राष्ट्रसंघको सहयोग लिन खोजेको देखिएको छ ।

राष्ट्रसंघ अमेरिकालगायतका शक्ति राष्ट्रबाट प्रभावित भएपनि सो संस्थाले स्वतन्त्र भूमिका निर्वाह गर्नुपर्दछ । राष्ट्रसंघको रोहबरमा १७ बर्षअघि ०६३ मा तत्कालीन नेकपा ( माओवादी) र सात राजनीतिक दलकाबीचमा भएको बृहत् शान्ति संझौता सन्दर्भहीन भैसकेको छ । अब त्यसैलाई टुंगोमा पुऱ्याउने भन्ने कुरा हुँदैन । त्यसैले राष्ट्रसंघ पहिलो त नेपालका असफल राजनीतिक दलहरूको पछि लागेर फेरी आउनु पनि हुँदैन र आएपनि पुरानै शान्ति संझौतालाई टुंगोमा पुऱ्याउने भन्ने कुरा पनि हुँदैन । नेपालमा शान्ति स्थापनाका लागि अब फेरी नयाँ राजनीतिक शक्तिहरूकाबीचमा सहमति र संझौताको आबश्यकता छ । यतिबेलाको अवस्थामा बर्तमान सरकार, राजनीतिक ब्यवस्था र संविधान तीनवटै असफल भैसकेकाले देशको भाग्य र भबिश्यकाबारेमा नयाँ ढंगले सोच्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । यस्तो अवस्थामा अब देश आमूल परिवर्तनको बाटोमा जाने प्रबल संभावना छ । यदि संसदवादी शक्तिहरूले एकता गर्न सके भने ०४७ को संविधानलाई ब्युँताएर केही समयका लागि टालटुल पनि गर्न सक्दछन् । देशमा नयाँ राजनीतिक परिवर्तन कि शान्ति संझौता भन्ने कुराको बहस सतहमा आएको छ । जसको टुंगो नलागेसम्म नेपाल अगाडि बढ्न सक्तैन । यो आजको ज्वलन्त गंभिर बिषय भएको छ ।












# कृषि प्रधान देश, कुर्सी प्रधान पो बन्यो



**बैकुण्ठ भण्डारी**

*साँघुरो गल्लीमा मेरो चोक छ*
*यहाँ के छैन सबथोक छ*
*असंख्य राग छ, अनन्त भोक छ*
*केवल हर्ष छैन,*
*त्यहाँ यसमाथि रोक छ*
*यहाँ के छैन सबथोक छ ।*

***- भूपि शेरचन ।***

कृषिप्रधान देश कुर्सी प्रधान बनेको छ । आहा ऽ कत्ति मज्जाले घुम्ने कुर्सी रैछ । लच्किँदो पनि रहेछ । टिके नियुक्ति पाए लगतै जिम्मेवारी सम्हाल्न पुगेको हर्केको सरकारी कुर्सीमा बस्ना साथ फुस्किएको बोली । वरपर त्यही कार्यालयका हनुमानहरू थिए । हर्केसँगै थियो अर्को पावरवाला चश्माधारी फुर्के प्रशासक । हर्केको आहा ऽ शब्दले फर्के प्रशासकको मन फुरूङ चरि उडे जस्तै उड्यो । दंग पर्दै, चश्मा यस्सो नाकको डाँडीमा सार्दै फुर्केले भन्न थाल्यो, 'श्रीमान्, यो हजुरका लागि आजै मात्र जिन्सीबाट झिकाएको । हजुरको कोठामा अत्तर पनि छरिदिएको छु ।' दायाँ कुनामा देखाउँदै, त्यो गुलाफको फूल नक्कली हैन हजुर नर्सरीबाट ल्याएको । त्यो चाहिँ हप्तै पिच्छे फेरिन्छ । अनि यो चाहि बास्ना आउने इन्द्रकमलको फूल हजुरलाई मन पर्छ भनेर 'महारानी' ले तार चिठ्ठीमा भन्नु भाकाले । ठिक छ नि हजुर । चाकरी बजायो ।

चश्माधारी फुर्के प्रशासकको गणेशाय नमः मा दंग परेका हर्के मुस्कुराउँदै भन्छ, 'ठिकै छ, यो नयाँ चाहिँ नकिनेकै भए हुन्थ्यो, पुरानैले काम चलाएको भए भईहाल्थ्यो नि ।' सोध्दै नसोधी किनिहाल्नु भएछ । मुस्कुराउँदै प्रशासक फुर्के भन्छ, हैन हजुर यो त सिष्टम हो । पुरानो श्रीमान् बसेर गएपछि नयाँ श्रीमानलाई नयाँ नै चाहियो नि होइन र ?

ठिकै हो । कसको ग्रहदशा के हुन्छ के था ? जे गर्नुभो, ठिकै गर्नु भो ।

फुर्के प्रशासकसँग नेपाली फाइल बायाँ हातको काँखीमा च्यापेर बसेको टंकेश्वरले नयाँ घुम्नेकुसीमा बसेका साइँदुवालाई विन्ति गर्छन् । घरमा महारानीका लागि कुन सवारी पठाउँ हजुर ? रातो कि सेतो ? दुवै नयाँ नै हुन्, अस्ति भर्खर टेण्डरबाट किनेको । साइँदुवाले दुवै हातमा लड्डु भने जस्तो । आउन पाको छैन सुविधै सुविधा । केही घण्टा अघिसम्म हर्केकी स्वास्नी केही घण्टा पछि नै 'महारानी'मा परिणत भई ।

चाकरी गर्नेको कार्यालयको ढोकाबाहिरदेखि नै एउटा लस्कर छ । सयपत्री फुलमा जरी मिसाएर उनेका माला हर्केलाई लगाउन आतुर छन् । सवैको मुहारमा यति खुशी देखिएको छ कि मानौ १९५० को सन्धिमा गुमेको 'अखण्ड नेपाल' नै जितिसक्यौं ।

हर्के मनमनै फुरूङ्ग छ । यो गणतन्त्र त्यसै त कहाँ ल्याका रैछन् र ? म जावो हर्केले एउटा नियुक्ति पाउँदा त यस्तो विध्न छ । यो भन्दा ठूलो पद पाउनेहरूको अवस्था के हुन्छ ? टुँडिखेलमा सुकिला मुकिला भन्दै कुर्लेका छविलाल हुन् किन मान्छेको भीड हेरेर उखानको रसस्वाद पस्कने खड्गप्रसाद किन छाड्थे पद । त्यसै भकभकेलाई फेरि पनि प्रधानमन्त्री चाहिया रैछ र बल्ल पो कुरा बुझ्दै छु । हर्के एकोहोर भित्तामा टाँगिएको शहिदहरूको फ्रेममा हेरेर टोलाउँछ । टोलाइरहन्छ ।

हर्के टोलाएको देखेर वरपरका चाकरीदारहरू मुखामुख गर्छन । चश्माधारी फुर्के प्रशासक देव्रे हातले आफ्नो नाकको डाँडीमा अड्काएको चश्मा अलि माथि सारेर नयाँ साइँदुवालाई तलदेखि माथिसम्म नियाल्छन् । अनि मुख मिठ्याउँदै भन्छन्, 'के भो हजुर' ? प्रशासकको आवाजले झस्किँदै हर्के भन्छन्, शहिदहरूको नाममा एकछिन 'मौनधारण' गरेको ! कुसीमा बस्नु भन्दा पहिले उहाँहरूलाई स्मरण गर्नुपर्छ नि ? उहाँहरूकै बलिदानबाट प्राप्ति उपलब्धी हो यो ।

हर्केको कुरामा सहमत जनाउँदै टकेश्वरले बोली फुटाउँछ । हो हजुर उहाहरूसँग हजुरहरूले निक संघर्ष गर्नु भएको थियो र पो यो दिन आयो त ।

टंकेले च्यापेको फाइल तान्दै फुर्के प्रशासकले टेवलमा राख्छन् । हजुर अव पदबहाली गरेपछि पहिलो एउटा साधारण टिप्पणीमा सदर गर्नुपर्छ हजुर । रेकर्ड फाइल भित्रको नेपाली कागजमा लेखेको टिप्पणी बुझाएको जस्तै गरी फुर्केले फुर्काउँछ ।

हर्केले पढ्न त के भ्याउने उनै फुर्केलाई के गर्नु पर्ने हो भन्दै सोध्छ ।

केही छैन हजुर कर्मचारी कै साधारण सेवा सुविधाको कुरा छ । हजुरले सदर लेखिदिए हुन्छ । रातो कलम थमाउँदै फुर्केले भन्छ । हर्के सदर लेखेर हस्ताक्षर गर्छ । भयो हजुर यत्ति भए । अव हजुरलाई शुभकामना दिन साथीहरू लाइनमा छन्, त्यो सकौं अनि हजुरको निर्देशन चाहियो ।

फुर्केले भने जस्तै हर्केले कार्यालयमा कार्यरत गणेशजीहरूको शुभकामना लिन्छन् निर्देशन दिन्छन् । 'हेर्नुस हामीहरू 'घिउ खान्या र दुध खान्या' कामलाई आजै देखि वन्द गर्नु पदर्छ, बुझ्नु भो नि ? धेरैले त्यही विषयमा चिन्ता गर्नु भएको छ । यो कार्यालय त्यही कारण पनि वदनाम भएको छ । त्यसकारण जे सुकै भन्नुस्, आजबाट कुनै पनि नगद वा जिन्सी उपहार लिन छाड्नुस् । त्यस्तो थाहा भयो भने कारवाही हुन्छ । विगतमा जे भयो भयो । अव नयाँ जोशका साथ शहिदको सपना साकार पार्नुपर्छ ।

फुर्केले नाक डाँडीमा अड्काएको चश्माको थोरै माथि आँखा पारेर थप्छ, हजुरको निर्देशन अनुसार नै कार्यालय बढ्छ हजुर । केही चिन्ता मान्नै पर्दैन । सरकारले तलव दिएको छ । सेवा सुविधा दिएको छ । पुगिहाल्छ नि ।

फुर्केको कुरासँग हर्के सवैलाई आआफ्नो कार्यकक्षमा गएर काम गर्न निर्देशन दिन्छन । सवै बाहिरिन्छन् । अव फुर्के प्रशासक र हर्केमात्र छन वन्द कोठामा । फुर्केलाई केही भनौ भनौ लागिरहेको छ । हर्केलाई पनि केही सोधौ सोधौं भईरहेको छ । दुवै एक अर्काको मुखामुख गर्छन् । अनि हर्केले फुर्केलाई भन्छ, 'केही सोध्नु खोज्नु भएको हो ? ' भन्न मिल्ने हो कि नमिल्ने हो हजुर ? फुर्केको चिल्लो घसेर कुरा अघि बढाउँछ ।

भन्नुस् भन्नुस किन नमिल्ने ? हर्केले आदेश दियो ।

उसले आँट गरेर भन्छ , 'हजुरको निर्देशन अलि कडा भयो कि भनेर । अव विरालोलाई दूध नखा भनेर नि हुन्छ त हजुर ? यहाँ आउनुहरू कसरी आउँछन् भन्ने कुरा त हजुरलाई भनिरहनु पर्छ र ?

फुर्केको कुरा सुने पछि हर्के मुसुक्क हाँसेर सम्झाउँछन् ।

तपाइँ पनि कस्तो मान्छे । त्यो भाषण गर्ने बेला भन्ने कुरा पो त ! यहाँ सुन्नुस म हरेक वैठकमा घिउ खान्या र दुध खान्या छोड्नुस भन्छु । तर तपाईहरूले हरेक फाइलमा 'सिस्टम' को कुरा सँधै बेलुका मलाई बुझाउनु होला । त्यही अनुसार तपाईले कानोकान 'सर्कुलर' गर्नु । बेलुका सम्भव नभए भोली पल्ट विहान मर्निङ वाकमा विशेष बैठक बस्नुपर्छ ।

प्रशासक फुर्के दंग पर्छ र भन्छ, हुन्छ हजुर । हजुरको निर्देशन शिरोधार्य छ । 'सिस्टम इज सिस्टम' हजुर अव हाम्रो कार्यालयमा कुनै पनि किसिमको भ्रष्टाचार हुन दिने छैन हजुर । विगतदेखि चल्दै आएको 'सिस्टम' मा थप मजबुत बनाउने छौं । आदेशको पालना हुनेछ ।

आखिर छेपारो त छेपारै हो नि ।

# प्रेमध्वज फाउन्डेसनबाट सम्मान

*राधेश्याम लेकाली -*






प्रेमध्वज प्रधान फाउन्डेसनले हिजो २०८० असोज २०, सांस्कृतिक संस्थान, जमल, काठमाडौंमा प्रेमध्वज प्रधान सम्मान एवं विविध सांस्कृतिक कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापाले उद्घाटन गर्नु भएको सो कार्यक्रम प्रेमध्वज प्रधान फाउन्डेसनका अध्यक्ष शान्तबहादुर शाक्यको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष एवं कार्यक्रम संयोजक राधेश्याम लेकालीले स्वागत एवं कार्यक्रमको उदेश्य र महत्वमाथि प्रकाश पार्दै सम्मानितहरूको परिचय गराउनु भएको थियो ।

कार्यक्रममा वरिष्ठ गीतकार प्राज्ञ उन्नती बोहरा “शीला“ वरिष्ठ संगीतकार प्राज्ञ प्रदीप बमजन, वरिष्ठ गायक आनन्द कार्की, वरिष्ठ कलाकार रमेशनाथ खनाल, नायकहरू कृष्ण मल्ल र रविन्द्र खड्का, नायिका एवं आध्यात्मिक अभियन्ता शोभिता सिंखडा, विश्व कीर्तिमानी सर्जक डा. डी. आर. उपाध्याय, कवि एवं समाजसेवी विसन थापा, पत्रकार एवं सांस्कृतिक संस्थानका महाप्रबन्धक अशोक प्यासी राई, साहित्यकारहरू जलेश्वरी श्रेष्ठ, गोविन्द गिरी प्रेरणा, देवीभक्त श्रेष्ठ, फूलमान बल, युवराज अधिकारी, लाक्पा फुटी शेर्पा सम्मानित हुनुभयो ।

यसैगरी बुद्ध शान्त पार्क निर्माणमा सहयोगी हातहरू -

समाजसेवी शंकरराज पाण्डे, विनन्द बैद्य, सुन्दर श्रेष्ठ, सुर्जुदेवी बज्राचार्य, रूकशाना महर्जन, गणेशमाया महर्जन, राम श्रेष्ठ, मंगलदास श्रेष्ठ, कल्याण दवाडी रजनी मल्लीलाई पनि कदर-पत्र प्रदान गरिएको थियो ।

राष्ट्रिय गानबाट सुरू भएको सो कार्यक्रममा वरिष्ठ गायक प्रेमध्वज प्रधान र वरिष्ठ गायिका दिलमाया खातीप्रति श्रद्धाञ्जली व्यक्त गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि भैरवबहादुर थापा, अध्यक्ष शान्तबहादुर शाक्य सर्जकहरू प्राज्ञ उन्नती बोहरा 'शीला', प्राज्ञ प्रदीप बमजन, रमेशनाथ खनाल, कृष्ण मल्ल, शोभिता सिंखडा, अशोक प्यासी राई,र देवीभक्त श्रेष्ठले आआफ्नो मन्तव्य राख्नु भएको थियो

कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापा र साहित्यिक पत्रकार संघका अध्यक्ष एवं कार्यक्रम संयोजक राधेश्याम लेकालीलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रमको संचालन कवि मुरारि सिग्देलले गर्नु भएको थियो ।

सो कार्यक्रमको दोस्रो सत्रमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । सांस्कृतिक कार्यक्रमको संचालन प्रस्तोता कुसुम बज्राचार्यले गर्नु भएको थियो ।

# कोपिला साहित्यका प्रयासहरू : जहिल्यै हेऱ्यो स्वार्थ घरकै छ

बाटोमा यात्रीको ओहोर दोहोर छ
कहिले बल्छ र चेतनाको दियो दिमागमा
यी मान्छेको मनमा किन फोहोर छ ?

**- प्रदीप धनञ्जय**





बोट उम्रने माटै आफ्नो नहुने भो
यात्रा सहज र लामो होला जस्तो छैन है
मन अडिने बाटै आफ्नो नहुने भो ।

**- मिना देवकोटा**

पद पाए पछि कुरो अर्कै छ
बाचा गरे जस्तै के गर्थे काम यी नेताले,
जहिल्यै हेऱ्यो स्वार्थ घरकै छ ।

**- लक्ष्मी स्मृति**





सय पचास रिनै हुँदैन
यस्तो पनि आदर्श रे भनूँ के भनूँ
हजार नाघे दिनै हुँदैन ।

**- सुमन कडरिया**

अत्यन्तै राम्रो कोपिला फक्रेको हेर
तर मन अत्यन्तै रहेछ स्वार्थी र लोभी
भाँच्नलाई उफ्री उफ्री पक्रेको हेर ।

**- प्रेम थापा मन**





शिक्षक पीडित भाका थियौं
विद्यालय अनिच्छित काल बन्द गरेर
आन्दोलनमा गाका थियौं ।

**- तारा घिमिरे**

चाडपर्वमा रमाउन जानेका
वीर पुर्खाको सन्तान नेपाली हौं
विदेशमा नि जमाउन जनेका ।

**- सीता शर्मा पन्थी**





गाउँमा चेली आउला आमा
बाटो नहेरे, ती आँखा आँसुले नघेरे है
छिमेकमा खुसी छाउला आमा ।

**- सुमित्रा पोखरेल**

शिक्षाको मुटु चुहिएको छ
ब्वाँसा र गिद्धले अब उपचार गर्ने रे
टाल्ने रसायन कुहिएको छ ।

**- श्रीकृष्ण शर्मा**






बर्षातमा चाँदनी देखियो
आकाश खुलेछ एकैछिन, पूर्णिमाको दिन
झिलीमिली आगँनी देखियो ।

**- धर्मिला कार्की**

हिमाल हाँसेको छ मेरो देशमा
उडाएर ल्याइ दे बतास, मेरो माटोको सुवास
मयूर नाचेको छ मेरो देशमा ।

**- भवानी घिमिरे**





उकाली लाग्छ
सर्वत्र खुसी हुँदै सहर सदन परिचर्चा भयो
समृद्धि चुलिदै विकासको छाली लाग्छ

**- सुरेशचन्द्र घिमिरे**

# डा.अभि सुवेदी र लक्ष्मीकान्त पुरस्कृत

२०८० असोज १५, सिलगढी, दार्जिलिङ । युगेन्द्र - लक्ष्मीकान्त अन्तर्राष्ट्रिय अनुवाद पुरस्कार गुठी सिलगढी, भारतले प्रदान गर्न लागेको युगेन्द्र क्षेत्री अनुवाद अन्तर्राष्ट्रिय पुरस्कार वरिष्ठ अनुवादक एवम् साहित्यकार डा. अभि सुवेदीलाई प्रदान गर्ने निर्णय गरेको छ । यो पुरस्कारमा नगद भारू २१ हजारसहित स्मृति चिन्ह प्रदान गरिनेछ । सो निर्णय गुठीका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकले गरेको हो ।

गुठीले लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार अनुवादक एवं वरिष्ठ ११ हजार सहित सम्मानपत्र र स्मृति चिन्ह प्रदान गरिनेछ । सो निर्णय संवाद सन्जाल परिवार चयन समितिको सिफारिसमा गरिएको हो । सो समितिमा ललिता जोशी, लतिका जोशी, युवराज काफ्ले, जीवन राणा, शरद छेत्री, शुक्रराज दियाली र खेम सापकोटा रहनुभएको छ ।

युगेन्द्र क्षेत्री अनुवाद अन्तर्राष्ट्रिय पुरस्कार आफ्ना श्रीमान युगेन क्षेत्रीको नाममा र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार आफ्ना पिता लक्ष्मीकान्त जोशीका नाममा सूचना संवाद संजालकी सम्पादक साहित्यकार ललिता क्षेत्रीले स्थापना गर्नुभएको हो ।

कविता, नाटक, निबन्ध र कला चेतनाका सन्धिस्थल डा. सुवेदी प्राज्ञिक चेत भएका व्यक्ति हुनुहुन्छ । नेपाली शिक्षा, सिर्जना, र प्राज्ञिक वृत्तमा उहाँको उपस्थिति रहेको छ । अराजक जस्तो जिन्दगी बिताउने डा. सुवेदी समालोचक, चिन्तक र समीक्षक हुनुहुन्छ । सफल अनुवादकका अलावा कवि, नाटककार र निबन्ध लेखक पनि हुनुहुन्छ । अङ्ग्रेजी र नेपाली भाषामा बराबर कृतिका लेखक डा. सुवेदीको मूलतः समालोचना मुख्य विधा हो । डा. सुवेदीका नेपाली लिटरेचर ब्याकग्राउण्ड एण्ड हिस्ट्री, पाश्चात्य काव्य सिद्धान्त, सिर्जना र मूल्यांकन, निबन्धमा उत्तरवर्ती कालखण्ड, साहित्य र आमवृत्त, निबन्ध र टुँडिखेल, कार्पेट टाँगिएको आकाश, माध्यम र रचना, अग्निको कथालगायतका कृतिहरू प्रकाशित छन् ।

अर्का पुरस्कृत वरिष्ठ सर्जक एवं अनुवादक डा. गोकुल सिन्हा सन् १९४० मा खरसाङ, दार्जीलिङमा जन्मिनु भएको हो । The Ramayana of Bhanubhakta (२०१५) उहाँको प्रकाशित अनुवाद कृति हो । रामायणको अङ्ग्रेजीमा अनुवाद यो पहिलो मानिन्छ । नेपाली, हिन्दी र अङ्ग्रेजी भाषामा साहित्य सिर्जना गर्नु हुने डा. सिन्हाको Beside Ghalib -1987, Tagore -1997, Dovkota -2009_, Tha Quran -1980, the first ever in Nepali_, The Bible -2000 & 2002, in association with the World Bible Translation Centre_ and the Gita -2008, in Jhyaure, a Nepali folk meter) रहेका छन् ।

यस्तै 'A Treatise on Nepali Language' and …Role of the Gorkhas in Making of Modern India' को पनि अनुवाद गर्नुभएको छ । यस्तै सम्पादनमा A Lexicon of Linguistic and Literary TermsŚ -2004, An Intensive Course in NepaliŚ -2003_ and Nepali Annotated Cultural VocabularyŚ -2008 रहेका छन् ।

यसअघि युगेन्द्र क्षेत्री अन्तर्राष्ट्रिय अनुवाद पुरस्कारबाट प्रा. डा. गोविन्दराज भट्टराई र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कारबाट जीवन नामदुङ पुरस्कृत हुनुभएको थियो । यो पुरस्कारलाई ठूलै सम्मानका साथ हेरिने गरिएको पाइन्छ ।




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | रोशन कार्की |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## सद्भाव किन बिथोलिदै छ ?

पहिले रौतहट, पछि धरान, सर्लाही, बाँकेलगायतक जिल्लाहरूमा जातीय, धार्मिक सद्भाव जसरी भड्काउन खोजियो, त्यो नेपालमा अराजकता फैलाउने दुस्प्रयास हो । राजनीतिक रूपमा अस्थिर सरकार छ, राजनीतिक दलहरू सत्तास्वार्थमा डुबेका छन्, अति राजनीतिकरणका कारण राज्यका न्यायालयलगायतका सबै संवैधानिक र प्रशासनिक अङ्गहरू अनैतिकता र भ्रष्टिकरणमात्र होइन, अपराधिकरण गरिएको छ । यो अवस्थामा पश्चिमा, दक्षिणा र तिनको पछि लाग्ने सत्तास्वार्थी राजनीतिक दलहरूले जुन दुस्चक्र चलाइरहेका छन्, त्यो नेपाली हक, हित, शान्ति र समुन्नतिका लागि दुर्भाग्यजनक परिस्थिति हो । अग्रगमनका कुरा गर्ने १० दलको सरकार छ, यो सरकारलाई कसैले पनि काम गर्नका लागि बाधा अडचन हालेको छैन, तर सरकार स्वयम् विभेद, निषेध र अपराधिकरणतिर उन्मत्त भएर लागेको देखिन्छ । यसकारण यो सरकारको १० महिना खेर गएझैं लाग्छ । सुरूका दिनमा केही भ्रष्टाचारका फाइल खोलेर ठूला भ्रष्टाचारीमाथि कारवाही गर्न खोजेको थियो, जनताले प्रशंसा गरेका थिए । बिस्तारै बिस्तारै सुन, ललिता निवासकाण्डदेखि अनेकन भ्रष्टाचारका प्रकरणहरू छायाँमा पर्दै गएका छन् । सरकारको उज्यालो अनुहार पनि अँध्यारो हुँदै गएको छ । फौजदारी अभियोग लागेका र जन्मकैद भोगिरहेका अपराधीहरू संविधान-लोकतन्त्र दिवस र गणतन्त्र दिवसका नाममा छुट्दै गएपछि समाज असुरक्षित बन्दै गएको देखिएको छ ।

हुँदा हुँदा संविधानले बर्जित गरेका गाई गोरू काटेर भोज लगाउने दुस्साहसीहरू देखा परे । त्यसमाथि मुस्लिम र हिन्दुवीच धार्मिक सद्भाव बिथोल्ने काम हुनथालेका छन् । बाध्य भएर सरकारले कफ्र्यू लगाउनु पर्ने अवस्थाको सिर्जनासमेत हुनपुगेको छ । जन्मकालदेखि नै नेपालमा अनेकन जातजातिको बसोबास छ । सबै जातजाति, धर्म सम्प्रदाय सबै सद्भाव कायम गरेर बसेका छन्, बाँचेका छन् । त्यो सद्भाव बिथोल्न छिमेकीको अतिवादी धार्मिक समुदायसमेत नेपाल प्रवेश गरेको देखियो । धन्न, नेपालमा बसोबास गर्ने मुस्लिम, हिन्दुलगायतका अनेक धर्मावलम्बी अगुवाहरूले सद्भावका लागि आह्वान गरिरहे । एकता प्रदर्शन गरिरहे र बिस्तारै धार्मिक विवादको आगो, डढेलो निभ्दै गएको छ । यद्यपि यो खतरा सधैंका लागि कायम छ र प्रत्येक नेपाली जो जुनसुकै जातका वा धर्मका हुन्, सचेत हुन जरूरी छ ।

जातीय एकता र सद्भाव नेपालको पुँजी हो । यो पुँजी नष्ट गर्न अनेक थरिका षडयन्त्र भइरहेका छन् । हिन्दु वा मुसलमान धर्मप्रति अनास्था फैलाएर फाटो ल्याउनेहरू सकृय भइरहेका छन् । यसमा मलजल पार्टीमा लागेका र विदेशीले पनि गरिरहेका छन् । यसकारण यस्ता तत्वको जरासम्म अनुसन्धान गरेर नेपालको सद्भाव भाँड्न खोज्नेको मुखुण्डो उतारिदिनुपर्छ । नेपालमा कहिले पनि अनेक धर्मवीच सद्भाव छ, अनास्था फैलाउने, घृणा गरेको दोष एकदोस्रामाथि लगाउनहरूप्रति हरेक नेपाली सतर्क र सचेत हुनैपर्छ । शासन प्रशासन, राजनीति गर्नेहरूले स्वार्थमा परेर संरक्षण गरे पनि त्यस्तामाथि समेत आमनागरिक र अगुवाहरूले निगरानी राख्नैपर्छ । वक्तव्यबाजी भएका छन्, भावुकता पनि जन्मेको छ तर यस्ता कृयाकलापले मात्र समस्या समाधान हुनसक्दैन । न हिन्दुबाट, न मुसलमानबाट समाज बिथोलिएको होइन, बिथोल्न खोज्नेहरू एकतामा अमिला निचोरेर फटाउन चाहिरहेका छन् । खास पीडित हिन्दु छन्, मुस्लिममाथि पनि पीडा थपिने क्रम छ । इसाईहरू बढी सकृय छन् धर्म परिवर्तनतिर । संविधान एकातिर साजिस र षडयन्त्र अर्कोतिर । भएको सद्भावको सम्पत्ति नष्ट हुनबाट सबैले बचाऔं ।

# लोकनायक भासिदैछ, लोकतन्त्र मासिदैछ




लोकतन्त्रका नायक खलनायक बन्नाले लोकतन्त्र मासिदैछ । लोकतन्त्र भ्रष्ट सत्ताको ब्रम्हनालमा घिटीघिटी अवस्थामा पुगिसक्यो । अझै लोकतन्त्रवादीमा चिन्ता र चासो छैन ।

बोको देखाएर कुकुर बेच्ने लोकतन्त्र कहिलेसम्म ? वर्तमान नेपाली राजनीतिमा खडा भएको यक्ष प्रश्न हो यो ।

महाभारतको शिक्षा हो- आचरण नष्ट हुनु भनेको आफै नष्ट हुनु हो । यो शिक्षा नेपाली राजनीतिले कहिले पनि लिएन । राजनीति गर्नेहरूमा अन्धविश्वास छ- जसरी पनि चुनाव जित्ने हो, सत्ता र शक्तिमा जाने हो, सकेसम्म स्वार्थ सिद्ध गर्ने हो । शक्तिशाली बनिरहने हो ।

०४६ सालपछिको ३५ वर्ष र लोकतन्त्रको १७ वर्षमा नेपाली राजनीतिको आचरण नष्ट भइसक्यो । राजनीतिमा नैतिक मान्यता स्थापित गर्न अझै लामो समय कुर्नुपर्नेछ । किनकि सिद्धान्त, नीति र निष्ठामा कुनै पनि दल उभिएका छैनन् । जबसम्म राजनीति समाज परिवर्तनको नीतिमा उभिदैन, त्यो राजनीति नभएर अपराध हुन्छ । कुसंस्कार हो । नेपालको राजनीति यतिबेला अपराधको जगमा उभिएको छ । आवधिक चुनाव हुनु लोकतन्त्र जिवित र जिवन्त राख्ने प्रजातान्त्रिक परिपाटी हो । ०८४ वा ०७९ दुबै चुनावमा उही भ्रष्टाचारमा डामिएका अधिकांश नेताले चुनाव जिते । तिनै संसदमा हावी छन्, सत्ता हाँकिरहेका छन् र एकपछि अर्को जघन्य भ्रष्टाचार र अपराधलाई बढावा दिइरहेका छन् । चुनाव लोकतन्त्र मार्ने औजारका रूपमा पो प्रदर्शन हुनपुग्यो ।

अब त यी चरित्रहीन, आचरण नष्ट भएका जनप्रतिनिधि, सरकार फौजदारी अभियोग लागेर अदालतले जन्मकैद गरेकालाई समेत लोकतन्त्र, संविधान दिवसका अवसर पारेर आममाफी दिन थाले । अर्थात् समाजलाई भयभित पार्ने काम सरकार र जनप्रतिनिधिबाटै भइरहेको छ । यसरी समाज अपराधिकरण हुनथालेको छ । समाज भयभित छ । अदालत प्रभावहीन भएको छ । प्रभावकारी प्रतिरोध हुनसकेको छैन । लोकतन्त्रमा अलोकतन्त्र फल्नफुल्न थाल्यो ।

हुन त अदालतलाई सर्वदलीय भातृ संगठनजस्तो बनाइसकेका छन् नेताहरूले । जसले चुनावमा धाँधली गर्दा स्वच्छ निर्वाचन भएको सिफारिस गरिदियो, उसैलाई न्यायाधीश बक्सिस दिएको प्रमाण संसदमै पेश भयो । जो परीक्षामा असफल भएको थियो, उसैलाई न्यायाधीश नियुक्त गरियो । न्याय व्यवस्था कहाँ पुग्यो, यस्तो न्यायव्यवस्थामा जनविश्वास र आस्था कसरी बढ्न सक्छ, प्रश्न उठेको छ ।

भ्रष्ट नेताहरू जनतासँग डराउँदैनन् । किनकि भ्रष्टाचार गरेको पैसा खर्च गरेर चुनाव जित्न सकिन्छ, सत्ता र शक्तिबाट कसैले हटाउन सक्दैन, जे गरे पनि हुन्छ भन्ने भ्रम बेस्सरी बढेको छ । जनता कमजोर भएपछि हुने यस्तै अपराधिक, अस्वस्थ राजनीति हो । जनताले बुझेका छन्, जनतालाई पार्टी पार्टीमा बिभाजन गरेकाले नैतिकहीनताले प्रश्रय पाएको हो । नैतिकवानहरूको आवाज पातलिएको छ । भ्रष्टहरूको चर्को आवाज घन्किएको छ । यसकारण त आचरण निर्वाचितमा मात्र होइन, समानुपातिक संवैधानिक सिद्धान्तमा समेत कायम रहन सकेन । समानुपातिक सिद्धान्तको ध्येय र लक्ष्य के हो ? ठूला नेता र तिनका परिवारका लागि यो व्यवस्था भएको हो र ? यसकारण निर्वाचित, संघीयता र समानुपातिक पद्धतिको दुरूपयोग जसरी भइरहेको छ, हुनलागेको छ, यसमा विद्रोह हुनुपर्छ । १ सय २६ जातिमध्येका सिमान्तकृतलाई कसरी राज्य र पद्धतिसँग जोड्ने भन्ने उद्देश्यको बर्खिलाप ठूला दलले समानुपातिकको व्यवस्थामाथि प्रहार गरिरहेका छन् । यो अतिवाद हो । अतिवाद अब सह्य हुनुहुन्न । राजनीति त्यसै पनि अपराधिक हुँदै गएको छ, राजनीतिले धर्म छाड्दै गएको छ । त्यसमाथि यो थप राजनीतिक अपराध हो । राजनीतिका नाममा अपराध स्थापित ठूला पार्टीबाटै भइरहेको छ । गलतलाई गलत भन्ने आवाज मधुरो छ ।

अकर्मण्यता राजनीतिको चरित्र बनेको छ । अपराध समानताको नाममा होस् अथवा लोकतन्त्रका नाममा, नेता वा तिनका परिवारलाई लाभ पुऱ्याउने षडयन्त्रका नाममा, अपराध अपराध नै हुन्छ । देश र समाज परिवर्तन गर्नेहरूले अपराधको बाटो समात्ने गर्दैनन् । राजनीतिक जीवनमा अपराध पस्यो भने उसको जीवन नष्ट समान हो । नेपाली राजनीति अपराधले गनाइसकेको छ । व्यक्तिवादी चरित्र र अपराध मनोवृत्तिका कारण लोकतन्त्रकै उपादेयता देखिन छाडेको छ । नेतृत्व, जो आफै भ्रट-नष्ट छ, उसले समाजलाई के दिन्छ ? नेतृत्वको यही दुर्गंणले संविधान असफल भइसक्यो, लोकतन्त्र र गणतन्त्र दुबै अनावश्यक भारी हुनपुगेको छ । संसद र सरकार प्रभावहीन छ ।

प्रसङ् २०६२ साल वैशाख २५ गते सम्पन्न ७ दलको प्रतिवद्धताको छ । प्रश्न- २०६२ सालमा सात दल र माओवादीवीच दिल्लीमा भएको १२ बुँदे सम्झौताको हो । प्रश्न २०६३ साल वैशाख ११ गते राजा र राजनीतिक दलहरूबीचको सहमतिको पनि हो । जिज्ञासा २०६३ साल मंसिर ५ गते भएको नेपाल सरकार र नेकपा माओवादीवीच भएको विस्तृत शान्ति सम्झौताको पनि छ । बिर्सनै नसकिने २०६५ साल जेठ १५ गतेको गणतन्त्र कार्यान्वयनको पनि छ । किन गरिए, कहाँ पुगे ती सहमति, सम्झौता, प्रतिवद्धता ? राजनीतिमा उत्तरदायित्वको निर्वाह र धर्म हुन्छ कि हुन्न ? सैद्धान्तिक अडान चाहिन्छ कि चाहिन्न ? के राजनीतिक दलका नेताहरूले आफ्ना प्रतिवद्धताहरूमाथि आफैले निरन्तर बन्चरो हान्दै रहन सुहाउँछ ? राजनीतिक दलका नेताहरू यति चाँडै गैंडाका छालाजस्ता संवेदनहीन हुनसक्छन् ? तर भए त्यस्तै । जनताले हिसाव राखेका होलान् । जनताले बहीखाता खोलेका दिन के होला, के नहोला ? दक्षिण एसियामै घटेका घटनाहरूबाट हाम्रो नेतृत्व बर्गले शिक्षा लिएको देखिदैन ।

नागरिक समाज बोल्दैन, बुद्धिजीवीले विवेक गुमाएका छन् । अधिकारकर्मीहरूको मौनता रहस्यमय छ । विवेकले बोल्नुपर्नेहरू विवेकहीन भएपछि अपराध महामारीजसरी झन फैलिनेरहेछ । अन्धकार झन बढ्ने रहेछ । यही दोषका कारण पीडित रोइरहेका छन्, प्रताडित भइरहेका छन्, पिडकहरू सत्ता हाँकिरहेका छन् । हाँसिरहेका छन् । अन्यायको अँध्यारो बनेको छ नेपालको शासन, सत्ता, कानुनव्यवस्था, संविधान भन्ने जिनिस ।

माओवादीको १० वर्षे क्रान्ति दिल्लीमा रोपियो, सिंहदरवारमा फुल्यो र सडकमा झऱ्यो । जनयुद्ध, जनआन्दोलनको रणनीति सत्ता रहेछ, सत्ताको ब्रम्हनालमा लम्पसार छ । सर्वहारावाद, समाजवाद, लोकवाद सबै सत्ताको गल्लीमा 'बरेलीकी बजारमे झुम्का गिरा रे' गीतमा झुमिरहेको देखिन्छ । पहिले जनवादका नारा लगाउनेहरू यतिबेला सत्ताको नसामा लठ्ठीएका छन् । भन्छन्, संविधान बचाउनका लागि गठबन्धन गर्नुपरेको हो । यथार्थमा संविधान कुल्चने यी आफै हुन् । सिद्धान्तहीन हुन् ।

यी कति निष्ठाको राजनीति गर्छन् देखियो । रूख वालाले हसिया हथौडामा, हसिया हथौडावालाले रूखमा मतदान गरे । सूर्यवालाले हलोमा, हलोले सूर्यमा मत खसाले । ठूलो पार्टी भएर पनि सर्वहाराको नेतृत्वको सरकारमा सामेल छन्, जिम्मेवारी लिदैनन् । जस अपजसको भागी को हो, अत्तोपत्तो छैन । अकर्मण्य छ शासन सत्ता । संसद ।

२०६३ सालदेखि नेतृत्वले डम्फु बजाइरहेका हुन्- नयाँ नेपाल बन्छ । यिनले त भएको नेपाललाई पनि सफाचट पार्दैछन् । लिपुलेक, लिम्पियाधुरा, कालापानी भारतले खाइसक्यो, कुनै नेता चुँसम्म बोल्दैनन् । यस्ता नेता स्वाधीनतावादी, सार्वभौमसत्तावादी । आश्चर्य छ । जन-जनको प्रश्न छ- के यस्तै हुन्छ गणतन्त्र नेपाल भनेको ? नीति र नैतिकता गुमाएका नेतृत्व गण भन्छन्, लोकतन्त्र संस्थागत हुँदैछ । लोकतन्त्र त अपराधिकरण भएको छ । अपराधिकरण संस्थागत भएको संसदवादी देख्दैनन् ।

कुनै समय थियो, फ्रान्सबाट नेगेटिभ जोर्नल प्रकाशित हुन्थ्यो । त्यो जोर्नलमा कुनै पनि विषयमा नेगेटिभ विचारमात्र आउने गर्थ्यो । तर फ्रान्सका शासकहरूले त्यसलाई पोजटिभ अर्थात् सकारात्मक रूपमा अंगिकार गर्थे । नेपालमा त अपराधमात्र छ । सत्ता मधुशाला, शक्ति अपराधशाला बनेको छ नेपालमा । राजनीतिक दलहरूलाई के राष्ट्रवाद, कुन राष्ट्रघात भन्ने हेक्कासमेत हुन छाडेको छ । नेपाल यस्तै तमासाको थलो बन्यो । गजडीको जस्तो अखडा बन्यो ।

नेपोलियन बोनापार्टको अध्याय अहंकारको युग बन्यो, जसको कारणले वाटर लूको युध्दमा पराजीत हुनुपऱ्यो । उनी वीर थिए । उनले वीरताको सम्मान त पाए तर उनी सेन्ट हेलेनाको टापुमा घुँडा टेक्नुपऱ्यो । सेन्ट हेलेनाको त्यो टापुमा बन्दी जीवन बिताउनु परेपछि उनले छोरालाई चिठी लेखे- छोरा, समयलाई चिनेर अघि बढ्नु । मेरा पालामा बन्दूकले सबैलाई बसमा राख्न सकिन्थ्यो । अब समय परिवर्तन भएको छ । तिमीले मानिसको मन, बिचार र भावनालाई बुझ्ने र आफ्नो अवधारणा बुझाउने प्रयत्न गर्नु । अर्को विकल्प छैन ।

लोकतान्त्रिक नेपाल बनाउन अघि सर्नेहरूले नेपोलियनको त्यो चिठी पढेका छैनन् । पढे पनि शिक्षा लिएनन् । शक्तिले अन्ध बनेकाहरू यसरी कुहिराको काग बन्छन् भन्ने कसले सोचेको थिएन । यिनको दिमाग त खाली खाली रहेछ । भनिन्छ, खाली दिमाग शैतानको घर हो । अनेक षडयन्त्रमा मात्र ध्यान दिन्छ । लोकतान्त्रिक राज्य सञ्जालभरि शैतानहरू सर्वत्र देखिन्छन् । जनतालाई तर्साइरहेका छन् ।

जनयुद्ध, जनआन्दोलनताका यी नेताहरू हिरा थिए । सत्ताप्राप्तिपछि किरा बन्नपुगे । सत्ता र शक्ति, सुविधा र सम्पत्ति कस्तो रहेछ, सर्वहारावादी, समाजवादी, जनवादी भन्नेहरू समेत गुलियोमा झिङ्गा भन्किएजसरी भन्किन पुगे । जनताका लागि आफूले पालेको कुकुरले आफैलाई टोकिरहेछ । जनता पीडावोध गर्न अभिशप्त छन् । १९६० को दशकमा चीनमा चम्किएका कम्युनिष्ट नेता माओत्सेतुङ्गजस्ता महान नेताको एकतन्त्रबाद पनि अन्ततः जनताका सामु घुँडा टेकेर झुक्यो । नेपाल निर्माताको शासन २०६३ सालमा झुक्न नजान्दा किनारा लाग्यो । नेपालको राजतन्त्रले प्रा. फुकुयामाको 'इन्ड अफ दी हिस्ट्र एण्ड दी लास्ट किङ्' पढेनन् । वर्तमान शासकहरूले पनि यस पुस्तकबाट शिक्षा लिएनन् । यसपछिको परिवर्तन पनि देशको लथालिङ्गे चाला र लोकतन्त्र मरेको गनाउने सिनोको दृश्य र हेरिनसक्नुको कन्तबिजोग छ । यति हुँदा पनि लोकतन्त्रवादीलाई लज्जावोध हुन्न, आत्मग्लानी पनि हुन्न, यिनलाई भइरहेको आत्मसन्तुष्टि देख्दा अचम्म लाग्छ । लोकतन्त्रप्रति लोकको सम्मान छ, तर लोकतन्त्र चलाउनेहरूको नैतिकहीन आचरणले लोकलाई स्तब्ध बनाएको छ ।

४३ प्रतिशत शिक्षित बुझेर मौन छन् । ५७ प्रतिशत साक्षर र निरक्षरहरू नबुझेर मौन छन् । दिनको ७५ रूपियाँमा गुजारा गर्ने ८० प्रतिशत नागरिक नेपालमा मौलाएको अन्तर्राष्ट्रिय राजनीति बुझ्दै बुझ्दैनन् । १९ प्रतिशत अति गरीवहरू भुस्याह कुकुरका छाउरा जसरी जन्मन्छन् र अकालमा मर्छन् । यिनको आधारभूत आवश्यकता के हो ? राज्यले दिनुपर्ने सुविधा के के हुन्, यिनलाई थाहा छैन । राज्यसत्तामा बस्ने लोकवादीहरू यिनै गरीबसँग कर उठाउँछन्, त्यो करको अधिकतम दुरूपयोग गर्छन् । नेपाल सतीको सरापबाट अभिशप्त छ ।

लोकतन्त्र लोकतन्त्रजस्तो छैन । लोकतन्त्रका गरिमा र महिमा पनि केही छैन । नाम लोकतन्त्र छ, घोषित लोकतन्त्रको राजनीतिमा सर्वसत्तावाद हावी छ । सेटिङ वा स्वार्थको मिलिभगतमा सर्वसत्तावाद चलिरहेको छ । बोकाको टाउको देखाएर कुकुरको मासु बेच्ने लोकतन्त्र कहिलेसम्म ? वर्तमान नेपाल र नेपालीका सामु यक्ष प्रश्न हो यो ।
यो प्रश्नमा विवेकशीलहरूले समेत ध्यान दिएका छैनन् । जब लोकलज्जा रहँदैन, तब जस्तोसुकै अपराध पनि हाजमोला खायो पचायो हुनेरहेछ । वर्तमान नेपालको कालखण्ड अपराधतन्त्र हो, यो अपराध तन्त्र राजनीतिले मजाले पचाइरहेको देखिन्छ । यो दुःखद छ । जनता नजागेसम्म यो पीडाबाट मुक्ति हुन्न ।



# बलीप्रथा र दसैंबारेको एउटा कथा

**लीला दाहाल-**

*बडादशैं अत्यन्तै विशिष्ट पर्व हो । हिन्दु धर्मले विविध, सामाजिक, सांस्कृतिक मान्यताको चाड पर्व मनाउँदै आएका छन् । तिनै चाड पर्वहरू मध्येको असत्य माथि सत्यको विजय भएको उपलक्ष्यमा मनाईने बडा दशैं पर्व अहिले पनि हाम्रो सामु आएको छ । आश्विन शुक्ल प्रतिस्पदा देखि पूर्णिमा तिथिसम्म १५ दिनसम्म मनाईने यस पर्वभित्र हाम्रा विविध सामाजिक, साँस्कृतिक र धार्मिक पक्ष समाहित छन् । खास गरी नारी महाशक्तिका रूपमा प्रख्यात विविध देवी स्वरूपाहरूको विशेष पूजा अर्चना र आरधना सहित मनाईने यस पर्वलाई शक्ति आराधनाको विशेष प्रवाहको रूपमा लिइन्छ । भगवती दुर्गाका विविध स्वरूप अन्तर्गत पर्ने शैलपुत्री ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता कात्यायिनी, कालरात्रि, महागौरी र सिद्धिदात्री गरी जम्मा नौवटी शक्तिस्वरूपिणी देवीहरूको विशेष व्रत, पूजा र उत्सव आदि गरी मनाइने गरिन्छ । यसरी आश्विन शुक्ल प्रतिपदा देखि नवमीसम्म जम्मा नौ दिन भगवती दुर्गाका विविध स्वरूपहरूको आराधना गर्दै मनाईने यो पर्वलाई नवरात्रि पनि भनिन्छ ।*

माथि वर्णित सबै देवीस्वरूपहरू भगवान् शिवकी अर्धांगिनी देवी पार्वतीसँग सम्बन्धित छन् । देवी पार्वतीलाई शिवाशक्तिका रूपमा लिइन्छ । शिव शक्ति भनेको कल्याणदायिनी शक्ति हो । आफ्नो वा आफूले प्राप्त गरेको शक्ति लोककल्याणको दिशामा परिचालित गर्न सकेमा नै स्वशक्तिको सही सदुपयोग हुनका साथै आफ्नो समेत कल्याण हुन्छ । यस विपरित आफूले प्राप्त गरेको स्वशक्ति अकल्याणकारी मार्गमा ल्याएमा त्यस्तो शक्ति क्रमश: निस्तेज हुँदै स्वयंमा आफूलाई नै निस्तेज तुल्याउँछ । त्यसैले, हामीले कहिल्यै पनि स्वशक्तिको दुरूपयोग गर्नुहुँदैन । आफूलाई दुष्कर्मको दिशातर्फ धकेल्नु हुँदैन । यसबाट नै स्वच्छ र कल्याणकारी समाजको निर्णय हुन्छ । जसले ईश्वरीय शक्ति प्रति सधैं आस्थावान् रहेर उपयुक्त तथ्यलाई मनन् गर्छ त्यस्तो व्यक्तिबाट दुष्कर्म हुनै सक्दैन । ईश्वरीय शक्तिप्रतिको आस्थाबाट नै मानवको शरीर र मन दुवैको स्थिति सही दिशामा परिचालित हुन पुग्छ । यसकै माध्यमबाट मानवले आफैंमा आत्मसुधार र आफ्नो आत्मविकास पनि गर्न सक्छ । यसले नै मानवलाई विवेकशील र दुरदर्शी तुल्याउँछ । यसविपरित दिशामा परिचालित भएर ईश्वरीय शक्तिप्रति अनास्था गर्ने आफ्नो लाभलाई मात्र महत्व दिने अरूका अर्ती उपदेशलाई मनन नगर्ने आफ्नो शक्तिमा अहंकार गर्ने लोभमा परी अनेक किसिमका अकर्म गर्न प्रवृत्त हुने आफ्नो भुलहरू सुधार्न नचाहेर र एकपछिन अर्को भुल गर्दै जाने र नास्तिक भावना भएको मानवको भविष्य अन्धकारमय हुन पुग्छ भन्ने तथ्यमा बडादशैं पर्वले महत्वपूर्ण प्रकाश पार्दै आएको पाइन्छ । हामी शक्तिको मातले उन्मत्त हुन पुगेको अहंकारी व्यक्तिलाई असुर भन्छौं । यस्ता असुरहरूमा हिंस्रक प्रवृत्ति पाइन्छ । हिंस्रक प्रवृत्तिको विकास मानवमा भयो भने मानवले जस्तोसुकै नीच कर्म पनि गर्न पछि पर्दैन । सुर शब्दले देवतालाई बुझाउँछ । शक्ति र बुद्धिको सही प्रयोग सुरमा रहेको मानवले नै गर्न सक्छ । यसरी मानवले आफ्नो कर्मका माध्यमबाट नै आफूलाई सुर वा असुरका रूपमा समाजमा परिभाषित गर्दछ । उसको कर्मले नै उसलाई सुर वा असुरका रूपमा समाजमा परिभाषित गर्ने गर्दछ । हाम्रो समाजमा कसैलाई देवता जस्तो मानव र कसैलाई राक्षस जस्तो मानवका रूपमा चर्चा गर्ने गरिएको पनि पाइन्छ । यस्तो चर्चामा उसको सत्कर्म अथवा दुष्कर्म नै जिम्मेवार रही आएको हुन्छ । जसले आफ्नो समेत कुनै प्रवाह नगरी आफूलाई लोककल्याणकारी दिशामा समर्पित गर्छ । त्यसलाई सज्जन अथवा देवता समान र जसले विभिन्न किमिसका विध्वंश मच्चाएर लोकको अहित गर्छ,

त्यसलाई नै दुष्ट वा राक्षस समान मान्ने गरिन्छ ।

यही दशैं मनाउँने निहुँमा हामीले कयौं निर्दोष पशुपन्छीको हत्या गर्दछौं । के यो बलि दिने प्रथा ठीक होला त ?

“अहिंसा परमोधर्म” भन्ने मूल मन्त्रको आडमा हिन्दू धर्म रहि आएको छ । यहाँ हिंसा गर्नुलाई धर्म मान्न सकिँदैन । “धर्मस्व तत्वं निहितं गुहाया माहा जनो येन: सा: पन्या” । धर्म भन्ने वित्तिकै धारण गर्नु, सेवा गर्नु, भलाई गर्नु, भन्ने बुझिन्छ । धर्मले हत्या हिंसाको पक्ष लिदैन भन्ने बुझ्नुपर्छ । धर्म शब्द कुनै हिंसाको घोतक होइन । मन, वचन र कर्मले कसैको हिंसा, हत्या नगर्नु प्राणी मात्रमा सद्भाव राख्नु, अर्काको कुभलो नचिताउनु नै धार्मिक प्रवित्तिका लक्षणहरू हुन् ।

बाबुबाजेले जे नियम बसाए, छोरा नातिले पनि यहि सिकें । फलत: दशैंको बेलामा प्रत्येक घरमा बलि दिनु नै पर्छ भन्ने सबैमा भाव पर्न गयो र त्यही बाट नै बलि दिन थालियो । बलि दिनु राम्रो होइन । यो प्रथा गलत हो । बलि प्रथा बन्द गर्नुपर्छ भनेर अहिले आवाज उठ्न थालेको छ । यसलाई सकारात्मक सोचको विकास भएको मान्नुपर्छ । नयाँ सोच, नयाँ विचार, नयाँ भावनाको विकास हुँदै जानु समयको माग, परिवर्तन, एवं विकासक्रमको नियम पनि हो र शास्त्र सम्मत निर्णय पनि यही हो ।

खुनको बलि होइन, नरिवल, कुभिन्डो आदिको बलि दिएर पनि यज्ञलाई पूर्ण गर्न सकिन्छ । देवतालाई प्रशन्न गर्न सकिन्छ । देवताहरू सात्विक हुने हुँदा कसैको खुनको भोका आवश्यमय देवताहरू हुँदैनन् । झन् दशैंको बेलामा लाखौं पशुहरूको बलि दिने गरिन्छ । यो प्रथालाई पनि अब सुधार गर्दै जानुपर्छ । पशुको ठाउँमा नरिवल, कुभिन्डो आदिको बलि दिने चलन बसाल्नुपर्छ । शास्त्रमा पनि नरिवल एवं कुभिन्डोको बलिको नै विधान छ ।

अब हामी सबैले सोच्नु पर्छ पशुपन्छी काटेर धर्म हुन्छ त ? देवीलाई हामीले सृष्टिकर्ता पालनाकर्ता मान्छौं । देवीलाई सबै प्राणीका माता मान्छौं । यो संसारका सबै प्राणी देवीका सन्तान हौं भने आफ्नै देवी माताले आफ्नै सन्तानको रगत पिउन सक्छिन् ? आफ्नै अगाडि ती अबोध निर्दोष सन्तानको आफ्नै पूजा गर्नाका लागि बलि चढाउँदा देवी माता खुशी होलिन् ? कुन माता हुन्, यस संसारमा आफ्नै सन्तानको बलि दिएको हेर्न सक्ने ? हामी संस्कार र परम्पराकै आडमा बलि दिइरहन्छौं भने सती प्रथा पनि त अहिलेसम्म रहिरहने थियो एउटा बलि प्रथाहरू जस्तै । जसरी हामीले संस्कार भए पनि नराम्रा कुरूतिहरूलाई निर्मूलीकरण गर्दै सती प्रथा हट्यो । यसरी नै बलि प्रथा पनि हट्न जरूरी छ । आफ्नै निजी इच्छा पूरा गर्नका लागि अन्य कुनै पनि कुराको अनैतिक प्रयोगलाई धर्मले निषेध नै गर्छ, जुन प्राणीको आत्मा हामीले मुक्त गर्न सक्दैनौं, त्यो प्राणीको बलि बलि नभएर हत्या हो । हत्याको जगन्न अपराधको पाप लाग्छ, जसको कारण आज यो विश्व दुनिया श्रोत साधन विश्वविद्यालय सबै बनाएर पनि दु:खी छन् । कुनै पनि पशुपन्छी, मासु अण्डा आदि मनुष्यको भोजन होइन । धर्मकै कुरा गर्दा कुनै पनि बौद्धिक धर्ममा मांशहार खानाको मनाई गरिएको छ । वेद शास्त्रमा र धर्म शास्त्रमा पनि मनाई गरेको छ । फेरि प्राणीलाई हिंसा नगरिकन मासु प्राप्त हुँदैन । यसरी कुनै पनि पशुपन्छी मारेर मनुष्यको अन्तरर्मन सुखकारक हुन सक्दैन । यसकारण मासु खान हुँदैन । वेदमा पशुपन्छीलाई पाल्ने तथा उनीहरूको रक्षा गर्ने अनेक स्थान र आदेश यसरी दिइएको छ हेरौं ।

अविर्न हिंसी गा.भा हिसी, एकाशफेमा हिंसी यजुर्वेद

अर्थ : हे मनुष्य त भेडा, गाई एउटा खरवाला घोडालाई नमार ।

ये आमं मांस अदन्ति पैरूषेयं च ये क्रवि: ।

अर्थ: जून मनुष्यहरूले काँचो मासु खाने गर्दछन् र जो मनुष्यले मान्छेको मासु खान्छ तथा जसले भुण अर्थात् अण्डा खान्छन्, उनीहरूको त समुलनास गरिदिनु पर्दछ । वयेदमा खाने कुराहरूमा गहुँ, जौं, चामल आदि अनाज तथा फल, सब्जिहरू, दूध घ्यू आदि कुराहरूको वर्णन मात्र गरिएको छ । केही कतै मांशाहारको वर्णन गरिएको छैन । त्यसैले हामी जस्तो सर्वश्रेष्ठ प्राणी भएर जबर्जस्ती परम्परा धान्ने नाममा पशु हिंसा गर्नु पाप हो, जगन्य अपराध हो । यदि कसैले आफ्नो स्वार्थ पूरा गर्न शरीर पोषण गर्न भनेर व्यविचार पूर्वक भगवानको नाममा बली दिन्छ भने पाप चिन्ता, दु:ख, पीडा र रोग निम्त्याउँछ ।

त्यसैले बली दिएर पूण्य हुन्छ र मनोकामना सिद्ध हुन्छ भने जुन नकारात्मक मानसिकता बसेको छ हिंसक प्रकृति भएका मानिसहरूको मनेरोगको उपज हो । ती अवोध, निर्दोश पशुको हत्या गरेर बलिदिने होइन आफूभित्र रहेको पासाविक अहंकार, रिस, राग, बलि चढाउनु नै वास्तविक बलि हो । देवी, देवता, सदासर्वदा सम्पूर्ण प्राणीहरूको कल्याण चाहन्छन् । त्यसैले अब हरेक नागरिकले हिंसाको संस्कृतिलाई बहिष्कार र सदाको लागि बन्द गर्न हातेमालो गर्दै हिंसा अन्त्य अभियान सुरू गर्न जरूरी छ ।

email--- liladahal621@gmail.com



युवा आवाज - धर्मरत्न श्रेष्ठ

dharma_pradhan@live.com

# धर्मनिरपेक्ष राष्ट्रमा फूलपातीको तैयारी

धर्मनिरपेक्ष संविधान त लेखियो, हिन्दुधर्मका विशेषताहरूलाई मटियामेट गर्न सकेनन् लोकतन्त्रवादी नामधारीहरूले । बरू उल्टै भारतका विभिन्न तीर्थस्थल पुगेर, पशुपतिमा टाउको झुकाएर, अन्य मठ मन्दिरमा गएर वामनेताहरूले आशीर्वाद थापेको दृश्य रमाइलै छ । यी कस्ता नेता हुन्, जो धर्मनिरपेक्षवादी छन् तर हिन्दुधर्मका आस्थालाई नकार्न सक्दैनन् । अचम्म त के पनि छ भने यिनका परिवारजन



जो बिते, तिनलाई पशुपतिको आर्यघाटमै लगिन्छ, सेनाबाटै अन्तिम श्रद्धाञ्जली धून बजाउन लगाइन्छ र स्वर्गानुभूति गरेको दृश्य पटक पटक देखिन्छ ।

शिवरात्रिको प्रचलन कायमै छ । कुमारी जात्रा भनौं कि अन्य हिन्दु पर्व परम्परा कायमै छन् । सनातनदेखि चलिआएका यी परम्परा यी नेताले हटाएर हटाउन सक्ने विषय थिएनन् । यसैले त यतिबेला टुडिखेलमा फूलपातीको बढाईंको तैयारी जोडतोडका साथ भइरहेको छ । यो पर्वमा राज्यसत्ताका सबै सामेल हुनेछन् ।

नेपाली राष्ट्रियताको जागरणमा कम्युनिस्टहरूको भूमिका महत्त्वपूर्ण र ऐतिहासिक छ । गैर वामपन्थीका तुलनामा वामपन्थीहरू राष्ट्रियताका प्रश्नमा कैयौं कदम अगाडि देखिन्छन् पनि, तर उनीहरूको आन्दोलन कहिल्यै परिणाममुखी हुनसकेन । फगत एक आकर्षक नारा बनेर रह्यो । यस्तै नारा हो नाममात्रको अग्रगमन ।

साँच्चै ढुंगाको अक्षर हिन्दुराज्य हटाइएकै हो भने नवरात्रीको राजकीय फूलपाती बढाईं र शिवरात्रीको परेड प्रदर्शन कसले रोक्न सक्छ ? माधव नेपालले माग त गरे- हेरौं लामो दशैं छुट्टी काटेर देखाऊ । कर्मचारीहरूलाई दशैं पेश्की नदिएर देखाउ । राष्ट्रिय सेनाको त्रिशुल डमरू प्रतीक चिन्ह फेरेर त के छोएर मात्रै देखाऊ ! अर्थात्, संविधान धर्मनिरपेक्ष, सनातनी परम्परा, संस्कृति हिन्दुवादी ।

## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाईटिस

हाल नेपालका विभिन्न जिल्लाहरूमा भाईरल कन्जंक्टिभाईटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सतर्क रहौं ।

### लक्षणहरू

- आँखा रातो हुने र चिलाउने ।
- आँखाबाट आँसु बगिरहने वा कचेरा / चिप्रा लाग्ने ।
- आँखाको ढकनी रातो हुने, सुन्निने ।
- आँखा बिझाउने / दुख्ने ।
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने ।



### रोकथामका उपायहरू

भाईरल कन्जंक्टिभाईटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरू अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रूमाल, सिरानी, तन्ना प्रयोग नगर्ने ।
- जथाभावी आँखा नछुने । आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाईटिस भइहाले आत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफै निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

डा.महेन्द्रबहादुर विष्ट

# कालो चिया किन स्वास्थ्यका लागि हितकर छ ?

चियाको चलन इसापूर्व २७३७ मा चीनबाट संसारभरि फैलियो । जापानले छैठौ शताब्दीमा र बेलायतले १७ औं शताब्दीमा चियाको प्रचलन भित्र्याए । ब्रिटिशहरूले भारतीयलाई चियामा लत् बसाल्न रेल चढेका यात्रुलाई सित्थैमा दूध र चिनीको जोडमा चिया पिलाए, नेपालीहरूले त्यही जाने । जङ्गबहादुरका पालामा ब्रिटिशहरूको उपहारका डेडसयजति चियाका बिरूवा इलाममा रोपेर नेपालमा चिया खेतीको श्रीगणेश गरियो ।

कम प्रोसेस गरिएको खाटी चिया ‘ह्वाइट टी’, ताजापन र उत्पत्तिगत स्वरूपलाई नबिगारी आवश्यकताअनुसार फूल वा फलका बासना मिलाइएको एलर्जी, गठिया (जोर्नी दुख्ने), खराब कोलेस्टोरल नियन्त्रण, पेट र मुटुका समस्यामा लाभदायी ‘ग्रीन टी’, अनुहारको चाउरी, टाटा आदि बुढ्यौलीका चिन्ह दूर गरिदिने चाइनिज टी अर्थात ‘उलोङ् टी’, क्यान्सर प्रतिरोध र मुटुको रोग रोक्न उत्तम भनिएको विशेष किसिमले बनाइएको दूध नहाली पिइने ‘सीटीसी’ चिया (ब्ल्याक टी), जडिबुटी(हरू) को पेय ‘हर्बल टी’, द. अफ्रिकी रातो वनस्पति ‘रूइबस’बाट ‘रूइबस टी’, आदि अनेकौं पेयपदार्थ पाइन्छन् ।

*‘गुडुची चिया’, ‘याकोन’ वा ‘भुइँ स्याउ’ (ग्राउन्ड एपल) को पात, गुलियो वनस्पती ‘स्टेभिया’को पात, तुलसी र ‘गानोडर्मा’ भनिने ‘काठे च्याउ’ मिलाएर बनाइएको ‘याकोन टी’ पनि हामीकहाँ पाइन्छ ।*

अनिद्रा, उच्चरक्तचाप, मधुमेहलगायतका अनेक समस्यामा स्वास्थ्यका लागि याकोन टी उपयोगी मानिन्छ । स्वास्थ्यको लागि ब्लाक टी वा ग्रीन टी उत्तिकै लाभदायक भएको क्यालिफोर्निया विश्वविद्यालयले सन् २००२ मा गरेको अनुसन्धानले सिद्ध गरेको छ । सही चियामा दूध र चिनीजस्ता चिज हाल्नु जरूरी नै छैन, बरू यी चिजले पेटलाई खराबमात्र गर्छ ।

गुणस्तरीय ब्लाक टी वा ग्रीन टीले तनाब कम गरी मानसिक शान्ति दिन्छ । टाउको दुख्यो भने ब्लाक टीले औषधीको काम गर्छ । ब्लाक टीमा हुने एमिनो एसिड, दिमागको सक्रियता बढाएर सहज अवस्था बन्न सहयोगी हुन्छ ।

चियामा हुने ‘पालीफेनाल्स’ तत्व ब्याक्टेरियासँग लड्ने, रोग प्रतिरोध क्षमता बढाउने, शरीरको प्रतिरक्षा (इम्युन) प्रणाली, हड्डी मजबुत बनाउने, संक्रमणसँग लड्ने र शरीरलाई जोगाउने हुनाले चियाले पूरा नभए पनि आंशिक रूपमा एन्टिबायोटिकको कामसमेत गर्छ ।

चियामा पाईने फ्लोराईड तत्वले दाँते फोहोर हटाउन र दाँतका अन्य समस्यामा पनि ब्लाक टीले फाइदा पुर्याउने हुँदा गुणस्तरीय तथा बच्चाको टुथपेस्टमा समेत चिया-तत्व हालिन्छ । चीनका नेता आधुनिक ब्रस र टुथपेस्ट लगाएर दाँत माझ्दैनथे, हरियो चियापत्ति चपाएर दाँतमा घुमाउँथे भन्ने पढिएको थियो । नेदरल्याण्ड्स्को ‘नेशनल इन्स्टिच्यूट अफ पब्लिक हेल्थ एन्ड इभायरोन्मेन्ट’को लामो अनुसन्धानले चियामा ‘एन्टीअक्सिडेन्ट’ तत्व हुन्छ जो मुटुको लागि अत्यन्त उपयोगी हुन्छ भनी बतायो । कालो चियाले हानीकारक कोलेस्टोरल कम गरी मुटु र रक्तसञ्चारमा सुविस्ता दिने हुँदा उच्चरक्तचाप पनि नियन्त्रणमा हुने र हृदयाघातको जोखिम पनि कम हुन्छ ।

कालो चियाले मधुमेह (डाइबिटिज) रोगमा राहत दिन्छ, भनी डच अनुसन्धान कार्यक्रममा संलग्न डा. केरी रक्स्टनले भनिन् । लाक्किला विश्वविद्यालय, इटलीको अनुसन्धानमा कालो चियाले रक्तनलिकाको सक्रियतामा सुधार हुन्छ भनिएको छ । ब्रिटिश पोषणविज्ञ (न्युट्रिसिस्ट) हरू भन्छन्, दिनमा ४ पटक कालो चिया पिउने महिलाको शरीरमा हृदयरोग बढाउने तत्व ‘अर्थेरोलरोसिस’ नगन्य हुन्छ र ‘फ्लेबोनाइड्स’ले हृदयघात कम हुन्छ ।

कालो चियाले जिउँदो र सक्रिय भइरहनु पर्ने मानव-कोशिका (सेल) लाई मर्न नदिएर बचाइराख्ने हुनाले डीएनएलाई खराब हुनबाट जोगाउँछ भन्छन् अनुसन्धाताहरू । डीएनएमा उत्पन्न असन्तुलनले क्यान्सर समेत हुनसक्छ । दिनहूँ ३ कप कालो चिया पिउनु स्वास्थ्यका लागि लाभदायक हुने चिकित्सकीय सल्लाह सुनिन्छ ।

# 20 Years of Young Rotary Club of Bhaktapur (2003- 2023 ) – An Overview

**Rtn . Professor Dr. Uttam Karmacharya**
Bhaktapur, Washington Virginia



The first seed of Rotary Club of Bhaktapur (RC Bhaktapur) was planted in Shiva Guest House on 6th October 2002 and hosted for several months of its regular weekly meetings and provided meeting venue and contact point. It was praiseworthy to note that Distinguished District Personalities had played a remarkable role to give birth to the Rotary Club of Bhaktapur taking care from the incubator of labor room to this field of social life: Service above Self.

We are very grateful to former Assistant Governor (AG )Rtn. Puskar Man Shakya who played a very important role as a Governor Special Representative (GSR) for establishing Rotary Club of Bhaktapur ; Assistant Governor (AG ) Rtn. GopalSundarLallKakshepati ; District Secretary Rtn. Shiva Bhakta Rajbhandari; Born master trainer Rtn . Dilendra Shrestha; Rtn. William Ma; Chief Coordinator late Rtn. Dr.TikamanVaidya and Chief Counselor late Rtn. GopalRajbhandari. All of them have contributed a lot to establish Rotary Club of Bhaktapur. They deserved a special credit for the cause of promoting Rotary Club of Bhaktapur . We must express special honor and respect to all of them in response to their valuable contributions provided to us before and after Charter Certification on 25 th June 2003.

The Charter Dignitaries of RC Bhaktapur were :

1. Rtn. KP Tamrakar, Charter President (Discontinued /no more member )
2. Rtn . Professor Dr. Uttam K. Karmacharya, Charter Vice – president;
3. Rtn. Neel Krishna Tamrakar, Charter Secretary;
4. Rtn. Suresh Bdr. Dhaubanjar Director Finance (Discontinued /no more member ) ;
5. Rtn. Yubak Rajbhandari , Director Club Service (Discontinued /no more member );
6. Rtn. Krishna Pd. Awal, Director Community Service ;
7. Late Rtn. Rajendra Pd. Jonchhen, Director International Service (Discontinued /no more member );
8. Rtn. DirendraBdr. Mool, Director Vocational Service (Discontinued /no more member ) ;
9. Rtn. UttamBdr. Vaidya, Sergeant –at- arms (Discontinued /no more member).

Continued Eight Charter Members are :

1. Rtn. Keshab Diwakar ; 2. Rtn. Om Krishna Shrestha;
3. Rtn .RabindraPuri ; 4. Rtn. SundarPratapRana ;
5. Rtn. Shyam SundarDhaubadel 6. Rtn. Krishna Pd.Awal
7. Rtn. Neel Krishna Tamrakar
8. Rtn . Professor Dr. Uttam K. Karmacharya,

Eleven Charter members have discontinued (No more members. Three of them were passed away)

My Major and minor observations as I recapitalized to date June 2023

First in Rotary Club of Bhaktapur ( What and who is first in RC Bhaktapur )

During the first year of RC Bhaktapur establishment social activities stated with tree plantation program together with Bhaktapur Chamber of Commerce and Industries (BCCI ), free cancer screening, blood donation coordinated by Rtn. Jaya Sundar Hada , book donation by by Rtn. Kamal Mani Dixitand scholarship distribution initiated by Rtn. Rabindra Puri from Germany provided by Rtn. Bruce Higgs.

1. First donation for RC Bhaktapur was offered by Rtn .Keshav Diwakar around Rs. 45 thousand.
2. First donation was contributed from German Rotary Club for school building construction of Sarashwoti School through Jorh Barh under the initiation of Rtn. Sundar Pratap Rana
3. First DGs Visit was from Indian Rotary District 3290 Rtn. Amitabh Mukarji and Rtn. Pravir Chakraverti and Rtn. Swapan Mukarji (team members )
4. First District Governor ( DG ) visit from Nepal Rotary District 1992 was by late Rtn. Dr. Tika ManVaidya.
5. First scholarship from Canadian Rotary Club was supported by / through the initiation of Rtn. Rabindra Puri and Scholarship distribution in Mathurapaati Secondary School Phulbaari Kavre
6. First yearly scholarship was distributed through RC Bhaktapur at Bhaktapur Chamber of Commerce & Industries (BCCI) from the RC of Gonanaque Canada under the initiation of Rtn. Rabindra Puri
7. First RC Bhaktapur President after Charter Certification of two years was Rtn. Professor Dr. Uttam Karmacharya.
8. First RC Bhaktapur Souvenir coordinated and editor by Professor Dr. Uttam Karmacharya
9. First Vice President was Rtn. Neel Krishna Tamrakar
10. First RC Secretary General was Rtn. Sundar Pratap Rana
11. First Message of RI President sent by Rtn. Rajkumar Rajgaria, District 3290Governer 2003-4
12. First RC Bhaktapur admin office was established at Hotel Sweet Home with the initiation of Rtn. Om Krishna Shrestha
13. First participation in Nepal District Conference of RI 3292 was joined at PragyaBhawan /at National Academy Kathmandu.
14. First office secretary was Mr Gyanendra Prajapati. Now he is in Belgium He was follow by Mr. Raju Man Bajracharya
15. First strategic plan was jointly prepared by Rtn . Sundar Pratap Rana and Rtn Krishneshowri Hada for the Rotary year 2008-2009.
16. First Lady member was Rtn. Krishneshowi Hada
17. First fellowship picnic was organized in Maturapati Baardali Ghar under the initiation of Rtn.Rabindra Puri
18. First Honorary member was Rtn. Jorh Barh from Germany
19. First Nepal District DG of RI Distrct 3292 visited RC Bhaktapur by Late Rtn. Dr. Tika ManVaidya.
20. First Lady President of RC Bhaktapur was Rtn. Krishneshowi Hada
21. 20 First RC Bhaktapur Rotary Education /information Kit folder was developed and distributed to all members with the self-initiation by Rtn. Sudar Pratap Rana.
22. First Rotary Walkathon March in Bhaktapur and closing ceremony at Durbar Square and collection of donation around twenty lacks .
23. First RC Bhaktapur nomination as an advisor for District 3292 was Professor Dr. Uttam K . Karmacharya
24. First AG from RC Bhaktapur was Rtn. Krishneshowi Hada
25. First largest matching grant was approved for Shidhi Memorial Hospital Bhaktapur around one lack and ten thousand US dollar with the initiation and coordinated by Rtn. Shree Shankar Pradhang
26. First international visitors from Canada was led by Rtn. Rabindra Puri
27. First Maching grant for Gharsita Mutu was signed from Nepal Distrct 3292 initiated by Rtn.Sundar Pratap Rana
28. First donation for people with different abilities was offered to Mr.Suman Palikhel by providing three wheeler Motor cycle with the help of German Rotary club initiated by Rtn. Jorh Bahr
29. First participation in RI International convention was joined by the Past president Rtn. Om Krishna Shrestha in Florida USA
30. First Establishment of Sushil Prajapaty Memorial Vocational Training Fund withe initiation of seed money donated by Rtn Neel Krishna Tamrakar
31. First RYLA hosted by RC Bhaktapur at Kharipati.
32. First attendance Card published with the picture of Bisket Jatra in a post Card form. Photo courtacy Bhaktapur Tourism Development Committee.
33. First RI President to visit RC Bhaktapur was by Ms. Jennifer Jones 2022-23
34. First Barista Training and Job placement was assigned in 2022 at Gapali Bhaktapur
35. First chief Guest attended from political parties by Respectable Chairperson Mr. NM Bijukschhen Rohit to opening session of newly constructed building called Late Gangadhar Hada Memorial Building of Medha school Bhaktapur 2023.
36. The first Rotary Felicitation was decorated to Mr. Tejeshwor Babu Gonga for his valuable contribution of promoting literature and culture under Rotary District 3290 and to Dr. Rajan Suwal through Rotary District 3292.
37. First participation in foreign Rotary Clubs for attending regular meetings in the USA and Hong Kong was joined by Past president Professor Dr. Uttam Karmacharya with the Power Point Presentation of Rotary Club of Bhaktapur
38. First highest Rotary members in 2022- 23were 46 (forty-six ) as of 2023 June .
39. First highest Ladies members are 08 (Eight as of 2023 June )
40. First Rotract Club of Bhaktapur sponsored by RC Bhaktapur was Rotract Club of Phoolbari
41. First Interact Club sponsored by RC Bhaktapur was Everest English School Bhaktapur
42. First major donor from RC Bhaktapur was Rtn . Keshav Diwakar (MPHF )
43. First Elderly President Professor Dr. Uttam Karmacharya (as of today 2023 June)
44. First younger President was Rtn.. Neel Tamrakar as of today 2023 June.
45. First youngest Member Rtn. Pearlbiga Karki as of 2023 June. First lady President to participate in Rotary International Convention in Australia was by Rtn. Hada Binita (Pradhanang) with Rtn. Keshav Diwakar 2023.
46. First 100% Membership Retention Award
47. First Second Runner Up literacy Program
48. First Second Runner Up Disease Prevention and Treatment Award
49. First Second Runner Up economic and community development
50. First RI President Visit Special Award
51. First Special Award for Best President for Rotary Public Image
52. First Best secretary Region 1 Rtn . Khadananda
53. First 1000 Charter Day Meeting 25 June 2023, Sunday

Firstly, RC Bhaktapur Meeting was hosted Shiva guest house coordinated and initiated by Rtn. Suresh Bdr. Dhaubanjar

Secondly, BCCI Bhaktapur was kind enough to host the RC Bhaktapur for several years starting from the initiation ofChartere president Rtn. KP Tamrakar.

Thirdly, Hotel Sweet Home supported for hosting RC Bhaktapur for more than one decade with the initiation of Rtn. KP Awal

Fourthly, Cafe Harati (Haarati ) did a wonderful job to provide meeting venue to RC Bhaktapur during these emergency periods for the years to come with the initiation of Rtn . Dr. Gyanendra Dhaubhadel . Congratulations Cafe Harati (Haarati ) Taumadhi Square hosting 20 years of Young RC Bhaktapur on behalf of elderly continued charter members and the members of Rotary Club of Bhaktapur .

(Professor Karmacharya was the Charter Vice president of 2003-4 and Past president of 2005-6. Presently working as a regular member and Club Trainer ) 10/1/23

# Smash And Grab

*By Sunanda Datta Ray*

Contd.....

CHAPTER 9 Shorter Leash

If we give away in respect to Sikkim, we must be prepared to do so, at some future date, not only with regard to Bhutan and Nepal, but with regard to Kashmir and her feudatories, such as Hunza and Nagar, and with regard to any of the smaller Himalayan states which may have committed themselves. Sir Mortimer Durand, Foreign Proceedings, Secret E, May 1889.

In the case-of Sikkim it was inconceivable that she would continue as a "protectorate" of India for long or that India would like such a millstone round her neck. T.N. Kaul, Diplomacy in Peace and War.

There was consternation in India House. It was the twenty-first anniversary of Indian Independence, an occasion of somewhat stilted rejoicing. The royal family and all important Sikkimese, as well as leading members of the Indian community resident in Gangtoky were expected to attend. But word reached the PO on 15 August 1968 that a small crocodile of boys and girls carrying placards was wending its way towards the hill. An official sent down to investigate came back with startling news. The banners were all uniformly hostile. "Indians get out of Sikkim", "We are a buffer but not a duffer", and "We want independence" were some of their slogans. Never before had the public thus raised its voice.

But the flag-hoisting ceremony was not interrupted. Indian diplomats had carefully studied the unflappability of their British predecessors. Their attitude to the locals had been modelled on the phlegmatic approach of men like Hermaan Kisch of the 1CS who received the Sikkim Campaign's medal and clasp for organizing the army's field postal service in 1888. "The inhabitants of Sikkim are quite uncivilized," he had written, "though the Maharajah himself is an intelligent man with some education. The letters that the Bhutan and Sikkim Rajahs write to British officials are sometimes extremely amusing." Condescension and a stiff upper lip saved the day. They pretended not to hear the bursts of high-pitched slogans rising above the resonance of Jana Gana Mana, the Indian national anthem. Nevertheless, the PO was uneasy. Used to demonstrations as a daily routine in New Delhi and Calcutta, he had not expected one in Gangtok. Nervous echoes reached the Lok Sabha some months later when 25 MPs demanded that Mrs Gandhi explain what they called a Quit Sikkim movement. The prime minister was soothing. She told indignant parliamentarians that only "local schoolboys" had staged a "minor demonstration outside the residence of the government of India's political officer". The situation was well under control. There was nothing to worry about. New Delhi bad "taken up the matter strongly with the Chogyal of Sikkim."

So "strongly" indeed did the PO threaten reprisal that the durbar was bullied into issuing a statement on 9 September deploring and condemning the incident. "Sikkim ifia Buddhist country and hence pledged to peace and non-violence," it announced. Two school teachers who had organized the protest were severely reprimanded. R.N. Haldipur, the dewan, was summoned to New Delhi and given a dressing down for permitting such an outrage. The Indian authorities, who turned a blind .eye to regular and far more violent disturbances against the US, British, and Chinese missions, treated this feeble display almost as a casus belli. T.N. Kaul again appeared in Gangtok, for only two days, andlhis time full of sombre warnings to the Chogyal to mend his ways. Much to the latter's surprise, he also said that New Delhi had been on the point of transferring control of posts and telegraphs to the Sikkimese, but would not now do so because the durbar could not be trusted: it had not suppressed the expression of public opinion with a heavy enough hand.

The Indian diplomat added that Delhi would never now agree to an overall review of the treaty. Nor could Sikkim, as a protected kingdom, apply for membership of such UN agencies as the WHO or the Tuberculosis Association. It would have to be content with indirect links through India. The Chogyal regarded this as a stab in the back from the man whom he had always looked upon as a close friend and who had in the past promised so much, but he was generous enough to make allowance for the political orders that Kaul had presumably been given.

A meeting with Raja Dinesh Singh the following May seemed to justify his indulgence. The new external affairs minister seemed far less rigid. He compared Sikkim with Monaco and appeared to accept the Chogyal's correction that Luxemburg offered a more accurate comparison. Dinesh Singh also suggested that Sikkim might soon be able to issue her own postage stamps. Perhaps Dinesh Singh was expressing a personal view. Perhaps he had been sent to soften up the Chogyal. No one in Gangtok examined the minister's motives or the extent of his authority. They were too buoyed up with hope not to accept his assurance entirely at face value. It was a period of tremendous exuberance. Krishna Chandra Pradhan, who was always in and out of political parties, and Namgyal Tsering, Kazi's partner in the moribund Swatantra Dal, mustered about 300 activists under the banner of a United-Front. They plastered walls with posters, distributed pamphlets, addressed street corner meetings, and missed no occasion to denounce the treaty which, they alleged, had been signed "under duress and deception." "Independence is the people's demand and not the king's," Pradhan said. "The Chogyal can't go against the nation's wishes."

Physically, Namgyal Tsering was the more imposing personality: tall, ramrod straight, with a face the colour and texture of a dry walnut and a few wisps of grey hair doing valiant service as a beard. Contd...

# Despair!

No one has escaped the feeling of despair,
Strong emotions engulf us and we're scared.

We all wish to enjoy life to its fullest,
With lots of happiness and be the purest.

The truth is, nothing here is permanent,
Night ends and day begins like ornament.

Flowers bloom and die splendidly,
Weather changes & time passes incessantly.

Why cry over the spilled milk and despairæ
Accept the fact and handle emotions with care.


Stay strong and maintain cheerfulness,
Despair will lessen with time and pertinence.

No one has escaped the feeling of despair,
Strong emotions engulf us and we're scared.



**Madhu Khare**
**Virginia, America**

# नेपालमाथि सधैं भारतको दुर्नियत



डा. शास्त्रदत्त पन्त

वास्तबमा प्रविधि र बिज्ञानबाट विश्व साँगुरिदै गए अनुसार विद्यमान व्यापार तथा पारवहनलाई छिटमृछिटमे सम्झौतालाई अझ फराकिलो पार्दै लैजानु पर्नेमा भारतले संकुचित तुल्याउने मनसाय राख्नुले के स्पष्ट गर्दछ भने नेपालले विभिन्न क्षेत्रमा गरेको र गर्न खोजेको प्रगति र विकास भारतलाई मन परेको छैन । भारतले ईशाइयत नीति अनुसार नेपाललाई विपन्न, मगन्ते र आश्रित देख्न चाहन्छ । नेपालले सबै काम राष्ट्रिय दृष्टिकोणवाट अभिप्रेरित भएर आफ्नै संस्कारसँग जोडेर गर्दै आएका काम भारतलाई त्यति मन नपरेको तर मुख फोडेर भन्न नसकेको वा नमिलेकोले पनि यस्तो अवस्था सृजना भएको थियो । यस्तो कुरामा भारतले शंका लिनु नपर्ने हो । किन भने नेपाल कुनै पनि मित्रको कुभलो नचिताउने देश हो । भारतका छिमेकी मुलुकमा आगो लिन आउने देश नेपाल मात्र त बाँकी थियो, छ । त्यही छिमेकीलाई पनि कटुतामा परिणत गरेर विशाल र प्रवुद्ध देशले यति तल्लो धारणा राख्न हुदैनथ्यो ।

त्यसबेला तत्कालीन नेपालका परराष्ट्र मन्त्री भारत पुगेर व्यापार तथा पारवहनका २ वटा मस्यौदा प्रश्ताव प्रश्तुत गरेका थिए । त्यसबारे अधिकृतरूपमा कुराकानी छिट्टै गर्ने निधो लिएर फर्केका थिए । सबै प्रस्तावमा छलफल गर्ने तत्पर रहेर तथा मनोभाव मैत्री भएर पनि सारतत्व यथावत् रहेको नेपालले महशुस गऱ्यो । यसरी परराष्ट्र मन्त्री नै दौडिन पर्ने मूल कारण के थियो भने भारतका संचारमाध्यमले उल्टै नेपालले सम्झौता गर्नमा आनाकानी गऱ्यो भन्ने भ्रामक प्रचार गरेको र त्यसको नराम्रो प्रभाव नेपाली जनतामा पर्न थालेकोले त्यो भ्रम निवारण गराउनु थियो । नेपाल त सन्धिको म्याद समाप्त नहुदै पनि सवै नयाँ प्रस्तावमा छलफल गर्न तत्पर थियो । नयाँ व्यवस्था नहुन्जेल सम्म पुरानो सन्धि कायम गराउन नेपाल प्रयत्नशील पनि थियो । भारतले नेपाललाई अति सौविद्ध प्राप्त राष्ट्रको रूपमा व्यवहार गर्न चाहेकोले त्यसो गर्न नेपाल पनि मानेको थियो । त्यसै अनुरूप मस्यौदा प्रस्ताव तयार गरेको पनि थियो । किन भने भारत आफै पनि विकासोन्मुख देश भएकाले नेपालले विशेष सुविधा लिन पनि चाहेको थिएन । अन्तोगत्वा यस व्यवस्थाले भारतलाई घाटा हुने र नेपाललाई फाईदा हुने भन्ने कुनै कारण थिएन ।

पारवहन भूपरिवेष्ठित मुलुकको अधिकार भए पनि के कति कहाँ र कसरी दिने लिने भन्ने कुरा चाँही द्विपक्षीय कुरा हुन् । दुई पक्ष मिलेर तय गर्नु पर्ने आधारमा संन्धिको खाँचो परेको हो ।

भूपरिवेष्ठित मुलुकको नाताले नेपालले पारवहन सुविधा अकुण्ठित रूपले पाईरहनुपर्ने, एकअर्काले जायज माग र स्वाभिमानको कदर गर्नु तथा दुई देशको मित्रतालाइ घनिष्ट पार्नँ थियो । तर भारतले त्यस्तो काम नगरेर बल प्रयोग गऱ्यो, आक्रोश देखायो, नाकाबन्दी भनेको त्यही हो । यस्ता निर्णयले दुवै देशका जनतामा नकरात्मक प्रभाव पार्छ । यस्ता काममा सदा संयम र विवेकको खाँचो हुन्छ । भारतले यो नेपालबाटै सिक्नु पर्दछ, किनकि यो प्राच्यको दर्शन हो । नगर पञ्चायतहरूले यस्ता आसयका विज्ञप्तीहरू प्रकाशित गरेर नेपाली जनतालाई नाकावन्दीवाट उत्पन्न दुःख राष्ट्रिय स्वार्थ र स्वभिमानका तुलनामा गौण हुन् भनी संयम र धैर्य अपनाउन अनुरोध गर्दै आएका थिए ताकि नेपालले बचाएको वैदिक गौरवले काम गरोस् ।

सन १९९०-९१को भारतीय नाकाबन्दीमा कोइला र पेट्रोलियम पदार्थ नेपाललाई उपलव्ध गराउनु पर्ने म्याद मार्च ३१ सम्म छँदा-छँदै पनि भारतले मार्च २८ देखि नै नाकावन्दी गरिदिएको थियो । नेपालले सो कुरा भारतीय राजदूतलाई अवगत गराएपछि अतिसुविधा प्राप्त देशहरू सरह नेपालसँग व्यापार गर्ने भन्ने भारतीय प्रस्तावलाई पनि नेपालले मानेको थियो । भविष्यमा भारतले नेपालमा वस्तु बेच्ने कि नबेच्ने स्पष्ट प्रश्न खडा भएको भए पनि सँधैभरी कुरा चपाईरह्यो । नाकाबन्दी हुदाँको बखत भारतीय भूमिमा रहेका नेपाली ट्रक, सवारी साधान र सामान नेपाल आउन पाउनु पर्ने, नेपालको एकभागवाट भारत भएर अर्को भाग नेपालमा जान पाई आएको सुविधा नरोकिनु पर्ने, २३ मार्च सम्म खरिद गरिएका र रेलवे वार्डमा आई पुगेको सामान नेपाल आउन छाडी दिनु पर्ने, २३ मार्च अगाडी भन्सार छुटाई सकेका सामान भारतका विभिन्न गन्तव्य स्थानमा जान दिनु पर्ने कुरा भारतीय दूतावासलाई परराष्ट्र मन्त्रालयले अवगत गराउँदा पनि भारतले प्रतिशोधका रूपमा कुनै कार्यबाही गरेन ।

यसै बीच एउटा रमाइलो कुरा के भयो भने नेपालले भारतसंग लिई आएको स्टैण्ड-ऋणको रकम ने.रा.बैंकले भारतको केन्द्रिय बैकको पटना शाखामा शानेवानिको चार्टर विमानद्वारा पठाएको १३ करोड भारतीय रूपैया नवुझि दिएकोले फिर्ता ल्याउनु परेको थियो ।

वास्तवमा व्यापारको मामला दुई पक्षीय, पारवहनको मामला एक पक्षीय हो ।

भारतले नाकावन्दी गरेपछि भारतीय उत्पादकले यथावतरूपमा सहुलियत पूर्ण भन्सार दरमा सामानहरू नेपालमा बेचीरहन दिदै आएको थियो भने नेपालबाट भारत जाने सामानमा भारतले १४५% भन्सार लगाईदिएको थियो । यसो हुँदा नेपाली बस्तु भारतमा पस्न ठ्याम्मै बन्द र व्यापार एकोहोरो भएको थियो ।

नेपालले अनगिन्ति नचाहिदा बस्तु समेत तेश्रो मुलुकबाट कम भन्सार दरमा पैठारी गर्दै आएको छ । यस्तो सुविधा नेपाली बस्तुले भारतका बजारममा कहिल्यै पाएको छैन । त्येसवेला सम्म ८०% नेपाली वा भारतीय कच्चापदार्थ भएका उत्पादन मात्र भारतमा निर्यात गर्न पाउने प्रवधान थियो तर त्यो पनि भारत सरकारवाट प्रमाणित गरेर स्विकृति दिए पछि मात्र पाईन्थ्यो । त्यो स्वीकृती लिने प्रकृया यति जटिल र विलम्ब हुनेखाले थियो कि कतिपय नेपाली उद्योगपतिले बीचैमा थाकेर बस्दथे, बस्दछन् । त्यसबेलासम्म केवल ६ वटा वस्तुले मात्र भारतमा पस्न पाउने अनुमति पाएका थिए । जबकि चीनले सन २००५मा पहिलो पटक नै १५५० वटा बस्तुलाई एकैचोटी जिरो भन्सारको स्वीकृति दिएको थियो ।

खाद्य पदार्थ, जीवित जनावरको व्यापारमा दुवै देशले भन्सारै नलिने गरेका र प्राथमिक वस्तुमा ५% मात्र भन्सार लिने प्रावधान थियो । औसत रूपमा भारतवाट नेपाल आउने सामानमा १८% भन्सार लाग्दथ्यो भने तेश्रो देशवाट आयात हुने तिनै वस्तुमा भने नेपालले २४३% भन्सार लगाएको थियो । यो भारतको दबाबमा गरिएको थियो । यसो गरेको स्पष्ट कुरा के हो भने जति सस्तो वा जति असल भए पनि विश्वका सबै सामान नकिनेर भारतकै मात्र किन भनेको हो । भारतले नेपाल आएको सामानको अन्तःशुल्क फिर्ता गर्ने व्यवस्था पनि सन्धिमा थियो । भारतीय सामान नेपाल आएर फेरि नजावस भनी भारतको हितमा नै यस्तो प्रावधान राखिएको थियो । यस्तो फिर्ता गर्ने अन्तःशुल्क वार्षिक १० करोड रूपैया जति हुने गर्दथ्यो । यसरी भन्सारलाई हेर्दा द्विपक्षीय व्यापारमा बढी लाभ र फाइदा भारतले नै पाएको थियो । व्यापारमा परिमाणात्मक बन्देज नराखिएको भा.रू.सटहीमा बन्देज नलगाइएको र गुणस्तरको वन्देज पनि नभएकोले, भारत लाभान्वित हुने गर्दथ्यो ।

नेपालले त आफ्नो हितलाई पनि त्यागेर भारतीय जनताका कल्याणका लागि गर्नसम्म गरेको थियो, छ । इतिहास साक्षी छ, खोजकताएले खोज्न सक्छन् । त्यस्तो घर आँगनको मित्रले औषधि र बाल-आहारहरूजस्ता बस्तुलाई वन्देज गरेर नेपाली जनतामा कठोर प्रहार/घात गर्ला भन्ने त सोच्न पनि सकिने कुरा थिएन । सानो भू परिवेष्टित र अति कमविकसित नेपालका जनताप्रति विशाल भारतले कठोर कार्य गर्ला भनेर कसैले सोचसम्म बनाएको थिएन ।

करेसा जोडेको, एउटै धर्म, एउटै वंश, एउटै संस्कार, एउटै परम्परा, एउटै आर्थिकस्तर भएको नेपाल प्रतिको असहयोगले त भारतको प्रतिष्ठानै खस्केको छ । वैदिक धर्मसंस्कारमा त आफ्नो नोक्सान गरेर भएपनि अरूको कुभलो गर्नेलाई अधम/नीच भनिन्छ ।

स्थानीय एकाइहरूले अकुण्ठित पारवहन सुविधा पाउनु पर्ने कुराको जायज अडानमा नेपाली एकमत छन्, नेपालीले स्वतन्त्र बाच्न पाउने अधिकारको हनन्लाई खुला हस्तक्षेप मानेका छन् । कसैले पनि कसैको विकास गतिलाई खलवल्याई दिनु हुदैन, स्वतन्त्रता र सार्वभौमिकतामा आँच आउने काम त असैह्य नै हो । आजसम्म पनि यस्तो अनिस्चितताको अन्त्य हुनै पर्दछ भनिरहेका छन् । तर भारतको हेपाह प्रवृत्ति कहिले सुध्रिएन ।

जनमानसमा पर्नसक्ने नकारात्मक प्रभावको असर कुनै राष्ट्रमा पर्नु हुदैन । राष्ट्रिय स्वार्थ र स्वभिमानका लागि नेपाली दुःख सहन तयार छन् । नेपालीले भारतको दया होईन, हक खोजेका छन् ।

यथार्थमा त्यसबेला वाणिज्य र पारवहन छुट्टा–छुट्टै सन्धी तय भएर सचिवस्तरमा नया दिल्लीमा हस्ताक्षर भैसकेको थियो, केवल मन्त्रिस्तरमा काठमाण्डुमा हस्ताक्षर हुनमात्र बाँकी रहेको थियो । त्यस अवस्थामा भारतले नै सन्धीको म्याद गुजारी कथित विषेश समस्याको स्थिति जन्माएको थियो । ५५०० टन कोइला त रक्सौलको वाटैमा रोकेर राखियो । नेपाल भारत पारवहन सन्धी चैत्र १० गते समाप्त हुने थियो, तर चैत्र ६ गते वाटै भारतले व्यापार नाका वन्द गरिदिएको थियो ।

# आ–आफ्ना आँखामा छारो हालौं
## क्रान्ति आफै हुन्छ



सुरेशकुमार पाण्डे

नेपाली समाजमा एउटा उखान छ ।आफ्नो आँखामा छारो हाले शिखार मर्छ ।त्यसैको अनुकरण गर्दै हामि हिंडेका हुन्छौं । एकले आर्कालाई गाली गर्ने र तँ मैलो भन्ने बानि नै बस्यो ।खास गरेर आफुलाई कम्युनिष्ट क्रान्तिकारी भनौदाहरूमा यो बानी बढि बसेको छ ।

भनिन्छ आफ्नो घरमा आगोलगाएर छिमेकीलाई गर्माइस उपलब्ध गराउँनमा हामि माहिर छौँ । त्यसैको नतिजा कम्युनिस्टका हाङ्गाबिङ्गाहरू हुन् ।कम्युनिष्ट बिचारधारालाई पचाउँन नसकेपछि आर्को हाँगो हाल्छन् र जति हाँगा हाल्छन् उती हाँगाहरूले यो रूखको आफु रक्षक भएको भन्छन् । रूख नै सुकेपछि ति हाँगाको के अस्तित्व होला ?

एउटा हाँगा निस्के पछि उस्ले आर्को हाँगालाई खराब ठान्द छ र त्यही हाँगाबाट पनि अरू उप हाँगाहरू निस्किएका हुन्छन् ।

सबै हाँगा उप हाँगाहरूले थाहा पाउनुपर्छ रूख सुके आफ्नो अस्तित्व रहनन् ।

तर उनिहरूलाई सदबुद्धि कस्ले दिने?अहिले देशको अबस्था इतिहासमै बढी सम्वेदनशिल र तरल बनेको अबस्थामा देशलाई यो अबस्थाबाट बाहिर कसोगरी निकालौं भन्नेबारे राष्ट्रिय सरोकारको बिषय हो र हुनुपर्दथ्यो ।तर एकातिर गठबन्दनको सरकारले देशलाई बिदेशीको हवाला गर्दै छ ।आर्कोतर्फ देशमा अतिकर्मणको लागि चलखेल हुँदै छ । त्यो पनि हिंजो राजतन्त्रको बिरोधमा हतियार उठाएको आफुलाई कम्युनिष्ट क्रान्तिकारी भन्नेहरूद्वारा । वैधानिक राजतन्त्र हुनैपर्छ भन्नथालेका छन् ।

यो अबस्थामा आफुलाई देशभक्त र क्रान्तिकारी शक्तीहरू एक आपसमा मिलेर प्रतिगमन र बिदेशी हस्तक्षेपको बिरोधमा आन्दोलित हुनुको सट्टा एकले आर्कालाई तँ मैलो भनेर बिवाद गर्छन् ।दुश्मनले चाहेको पनि त्यही नै हो ।

भनिन्छ कुनैपनि देशलाई ध्वस्त पार्नु छ भने बोम गोला र मिशाइल होइन बरू त्यो देशको शिक्षाप्रणाली र अर्थ व्यवस्था वा जातिय क्षेत्रिय द्वौन्द गराइदिए पुग्छ । तर हाम्रो देशभित्र त यि तिनौ चिज मौजुद्छन् । अर्थव्यबस्था कम्जोर छ, शिक्षामा निजिकरण र संघीयताले देश बिखण्डित छ । दक्षिणी छिमेकी भारत र उत्तरी छिमेकी चीन सँगपनि नेपालले धेरै सन्धि र सम्झौताहरू गर्दै आएको छ । जुनसुकै देशले पनि सन्धि सम्झौता आफ्नै हितमा गर्दछन् ।

धेरै सम्झौता गर्ने तर कार्यन्वयनमा तदारूकता नदेखाउँने अहिले सम्मका धेरै सम्झौताहरू देखिन्छ । चिनियाँ राष्ट्रपती सी जिन्पिङको सन २०१८मा भएको भ्रमणमा मात्रै नेपाल र चिनियाँबीच करिब डेढ दर्जन सहमतीहरू भएका थिए । त्यो भन्दा पहिले र त्यसपछि पनि ब्रग्रेल्ती समभ्दारी पत्रहरू भए ती मध्य करिव चार दर्जन जति अलपत्र अबस्थामा छन् । जस्मा काठमाण्डौ-केरूङ रेल मार्ग होस् वा पारवहन सम्बन्धी सम्झौता होस् । ति सबैजसो कागजमा मात्र सिमित छन् । अहिले प्रधान मन्त्री प्रचण्डको चीन भ्रमणमा पूर्वधार विकास, कृर्षि, उर्जा, पर्यवटन, स्वास्थ्य, शिक्षा क्षेत्रमा दिने सहयोगबारे छलफल हुने कुराहरू थिए । यो भन्दा पहिले वेजिङ समय समयमा जनाइएको प्रतिबद्धताको अहिले सम्म एक खर्ब रूपियाँ पुगिसकेको समाचारहरूमा छ । तर भनिन्छ सम्झौता कार्यन्वयन हुनसकिरहेको छैन् ।

चिनिय'मा नेपाल पनि सहभागि छ ।जबकी चीनियाँ सरकारले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पनि बिआरआई अन्तरगत नै भनेर व्यख्या गरिरहेको छ । चिनियाँ सरकारसँग पारवहन सम्झौता भएकै पनि आठ वर्ष बढी भैसक्यो । यो द्वौरानमा पहिलो खेप चिन हुँदै भियतनामबाट एक ट्रक बेसार आएको थियो । अहिले सम्म तेस्रो मूलुकबाट आएको पहिलो चोटी हो भनेपनि फरक नपर्ला । सन२०१५मा नेपाल माथि भारतले लगाएको नाकाबन्दीको केहि महिना पछि के पी शर्मा ओलिको सरकारले चीनसँग पारवहन सम्झौता गरेका थिए । त्यसैको कार्यन्वयन सम्वन्धी कार्यविधी सन २०१८ मा बन्यो । नेपाल भूजडित राष्ट्र बन्यो ।

हाम्रा दुबै छिमेकी देशहरू द्वारा सिमानामा अतिक्रमण हुँदै आएको छ । चीनलेपनि खास गरी हुम्ला क्षेत्रमा नेपालको सिमा मिच्दै आएको समाचारहरू आइनै रहन्छन् ।

नेपालका शासकहरूले देशको बिरूद्धमा भएको छिमेकी र पश्चिमा दुर्व्यवहारको बिरूद्धमा एक शब्द समेत बोल्ने हिम्मत नगर्दा आश्चार्य लाग्छ ।

अहिले पुस्पकमल दहाल भारतको भ्रमण गर्दा लुम्बिनी र कपिलबस्तुलाई भारतको नयाँ संसद भवनमा राख्न बनाएको नक्सामा गाभेको देखेर पनि अनदेखा गरे बरू भारतलाई खुसिपार्न प्रयासरत रहे । उनले बांग्लादेश जाने हवाई मार्ग दिए कालापानीको मुद्दा न उठाउने सम्मको लज्जास्पद् अभिव्यक्ति दिएका थिए ।

अहिले चीनको भ्रमणमा उन्ले चीनले कालापानी लिपुलेख र लिम्पियाधुरको भूभागलाई भारतको भन्दापनि उनि एकशब्द बोल्न नसक्नु भनेको निम्नस्तरको दलाली हो । अहिलेको यो सरकारबाट लगातार बिदेशीलाई खुसिपार्ने काम हुँदै आएको जगजाहेर छ । यिनिहरूले एमसीसी पारित मात्र गराएनन् त्यसलाई कार्यान्वयन गराएका छन् ।नागरिकता बिधेयकलाई कार्यन्यन गराएका छन् । देशको भूभागमाथि बिदेशीले गर्दै आएको कब्जालाई बैधानिक मान्यता दिएर सधैका लागि नेपालका ती भूभागमाथिको आफ्नो हक व्यवहारिक रूपमा छाडेका छन् ।

यो भन्दा नाङ्गो दलाली र लज्जास्पत कार्य के हुनसक्छ ? यस्तो अवस्थामा देशभक्त र क्रान्तिकारीहरूको एकमना एकता हुनुको सट्टा आपसमा फुट गुट र हाङ्गा बिङ्गा बनाएका गुट र उपगुटहरूको खिचातानी छ । आफुलाई क्रान्तिकारी भन्नेहरूको यस्तो व्यबहारले कस्लाई फाइदा होला ? प्रष्टै छ । बुझ्न चाहँदैनन् ।

हाम्रो देश दुबै ठूला ठूला देशहरूको वीचमा अबस्थित छ । कुनै एउटा देश सँग सम्बन्ध बिग्रियो वा डगमगायो भने कुनै देशको केही जाँदैन तर हाम्रो देशको आयु छोंटिंदै जान्छ । अहिले देशलाई बलियो बनाउन देशको हितमा एकजुट भएर बस्नुपर्ने अबस्था छ । हाम्रो देश यी दुबै देश भन्दा धेरै सानो र कम्जोर देशमात्र होइन अर्ध सामन्ति र अर्ध उपनेवेशिक र भूपरिवेष्ठित अबस्थामा रेहेको एउटा स्वतन्त्र देश हो । तर आफ्नै खुट्टाले उभिन सकेन, नेताहरूको दलालीले गर्दा ।

असमान सन्धिहरूलाई खारेज गर्दै असंलग्नता र पञ्चशीलका आधारमा सन्धि गरेर जान सक्नुपर्छ । छिमेकीको अतिक्रमणको बारेमा अन्तर्राष्ट्रिय न्यायालयमा आवाज उठाउने प्रयत्न पनि गर्नु पर्दछ । साहस छाडेर हामी डरायौं भने हाम्रो स्वाभिमानको हत्या हुनसक्छ र स्वतन्त्र देश इतिहासमै सिमित हुनसक्छ ।

दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित
गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !
नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल ।
पो.ब.नं.: १७५४
फोन: +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९
फ्याक्स: +९७७-१-५३५५२५०
इमेल: ntra@nta.gov.np, वेबसाइट: www.nta.gov.np

# नानीचाया: अर्थात शासनको जग

२५५ वर्ष अघि उपत्यकाको तीनवटै जिल्लामा छुट्टा छुट्टै शासक थिए, त्यस माथि फिरंगीहरूको कुदृष्टी परेको बेला आधुनिक नेपालको जग नानीचाया:को अर्थात इन्द्रजात्राको ४ दिन अवरूद्ध भई राष्ट्रनिर्माता पृथ्वीनारायण शाहबाट निरन्तरता दिई जिवित देवी कुमारीको हातबाट टीका ग्रहण र ढोगपछि जसलाई शाह वंशीय राजाहरूले प्रत्येक वर्ष शासन गर्नको लागि नविकरण गर्ने प्रथाको शुरूवात भएको थियो ।

तर फोहरी राजनीतिले स्वर्ग जस्तो नेपाललाई नर्क तुल्याएको कारण समृद्ध नेपाल बनाउन राष्ट्रप्रेमी समृद्ध नेवा: अभियानका अध्यक्ष इ. सुरेश रत्न वज्राचार्यले नेतृत्व लिएर ३२ प्रकारको पञ्चतत्वले सजिएको विशेष प्रकारको समेबजी नेपाल राष्ट्रको संरक्षक तलेजु भवानीको मन्दिर अगाडीको प्रांगण हनुमान ढोका दरबार परिसरमा प्रदर्शन गरी गणेश, भैरव र कुमारी देवताहरूमा पूजा सम्पन्न गरी प्रसादको रूपमा सर्वसाधारणलाई वितरण गरियो । लाखे आजुले समेबजी २ मुठी छरेर सहभागीहरूलाई वितरण गर्ने कार्यको शुभारम्भ भएको थियो । त्यो क्षण अद्‌भूत मात्र थिएन देवताहरू प्रसन्न भएपछि त्यस्तो दर्शन पाइन्छ भन्ने जन विश्वास छ । सो कार्य सम्पन्न गर्न नानीश्वरी महर्जन, विजयलक्ष्मी श्रेष्ठ, ज्येष्ठ नागरिक विष्णु भक्त तण्डुकार र आयोजक संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । कार्यक्रममा समदूरीको सिद्धान्तको नास भएको, जनताले राजा आऊ देश बचाऊ भन्नुपर्ने स्थिति आएको सबैले अनुभूत गरेका थिए ।

जहाँबाट भूल भयो, त्यहीँबाट सुरूआत भए अझै मुलुकको स्वाधीनता बच्नसक्ने सबैको मत रहेको छ ।

अहिले कुमारी माताको देशभक्तिले उचालेको माहोलमा पूर्वराजा ज्ञानेन्द्रले कुमारी माताको आशीर्वाद लिनै पर्ने भएको छ । भक्तपुरपछि ललितपुरको बगलामुखी र काठमाडौंको कुमारीको आशीर्वाद लिन पूर्वराजा जानैपर्ने अवस्था छ । यस्तो आवश्यकता देख्नेहरूमा-

नेपाल अधिराज्यको संविधान २०४७ कार्यान्वयन जनदवाव समाजराष्ट्रप्रेमी समृद्ध नेवा: अभियानविश्व हिन्दू परिषद, स्वतन्त्र नागरिक समाज, राष्ट्रवादी राजनीतिक जनजागरण अभियान, राष्ट्रवादीहरूको साझा संगठन ।

यसका लागि नारा लागेको छ- नेवा: भनेको नेपाल हो ! नेपाल भनेको नेवा हो ! देश विदेशका गलत शक्तिले देशलाई धार्मिक एवं सांस्कृतिक द्वन्दमा लैजान लागेकोले पूर्वराजाले सम्हाल्नै पर्ने बाध्यता पनि समयले ल्याएको छ ।



पूर्वराजाको अभिभावकत्व सांस्कृतिक र ऐतिहासिक नगरी भक्तपुरको दरबार स्क्वायरमा उर्लिएको भिडलाई मान्ने हो भने राजसंस्था स्थापित गर्ने जनचाहना प्रतिविम्वित भइसकेको छ । नेपाल निर्माताका सन्तानले शाह वंशीय राजा ज्ञानेन्द्रले सनातनी धर्म संस्कृतिको रक्षा गर्न अग्रसर हुनुपर्छ भन्ने माग गरियो ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८०-८१
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८० असोज २३, Oct. 10, 2023






# जयजयकार आन्दोलन बन्नुपर्छ

शनैःशनै नेपालगञ्जको धामिर्क विवाद मत्थर हुँदै गएको छ । धार्मिक सद्भाव खलबल्याउन खोज्नेहरूलाई भारतीय प्रहरीले सीमानाकामा पक्राउ गरेका समाचार पनि आएका छन् । अर्थात् केही महिनापछि भारतमा हुन गइरहेको आमनिर्वाचनमा त्यहाँको आरएसउस र त्यसको शाखा भाजपालाई नेपालभित्र हिन्दु र मुसलमानवीच फाटो गराएर लाभ लिने षडयन्त्र बुझ्न सकिन्छ । नेपालको जनआन्दोलनताका भारतमा धर्मनिरपेक्षतावादी कांग्रेसआईको गठबन्धन सरकार थियो, नेपाललाई धर्मनिरपेक्षता घोषणा गराउन सके फाइदा हुनेथियो भन्ने दाउपेचमा नेपाल फस्यो, फसाइयो । भन्नलाई त नेपालग ञ्ज, रौतहट, धरानतिर भएका धार्मिक सद्भाव बिथोल्ने कार्यमा नेपालकै हिन्दुवादी र राजावादी संलग्न छन् भनेर संसदमा आरोपित गर्ने कार्य पनि भयो । तर यो फगत आराचेपका लागि आरोप सिद्ध भयो । एकाध ससाना विवाद बाहेक नेपालमा धार्मिक र जातीय द्वन्द्व भएन । यी विवाद पनि दक्षिण र पश्चिमा लगानीमा भएका हुन् । यद्यपि नेपालको शानित र सद्भाव बिथोलन राजतन्त्रवादीमाथि दोषारोपण गर्ने गरेका छन्द । झण्डै ९४ प्रतिशत ॐकार परिवारमा आवद्ध नेपाली समाज सद्भावमा बाँचेर आएका छन् । विदेशी नेपालमा अराजकता फैलाउन चाहन्छन्, त्यो चाहनामा ठूला दल र सत्ताधारी नै राजनीतिक लाभका लागि संलग्न हुँदै आएका छन् । परिवर्तनपछि हिन्दु र राजतन्त्रवादीमाथि बिभेद गर्दै आउने यिनै राजनीतिक दलहरू हुन् । नेपाल निर्मातामाथि अपमान गर्ने आङ्काजी शेर्पाहरूमाथि कुनै कारवाही नगर्ने यिनै हुन् । अति भएपछि एकाध हिन्दुले आक्रोश पोख्दा थुनछेक गर्ने काम पनि यिनै सत्ताधारी गरिरहेका छन् । संविधानका बर्खिलाप गाई गोरू काटेर भोज लगाउनलाई छुट दिने, संरक्षण गर्ने पनि यिनै हुन् ।

यथार्थमा बर्तमान सत्ताधारी हिन्दुधर्मप्रति बितृष्णा फैलाउने तत्व बनेका छन् । बुझ्न सकिन्छ, हिन्दु सद्भावराख्ने धर्म हो । यसकारण जातीय र धार्मिक आगो लगाउनेहरू सधैं असफल भएका छन्, नेपालगञ्जमा पनि असफल भए । धरान, रौतहट, सर्लाहीमा पनि ठूला दुर्घटना हुन पाएनन् । भन्नैपर्छ, नेपाली मुसलामान पनि सहिष्णु छन् । अन्य जाति पनि सहिष्णु नै रहेका छन् । तर कहिले कहिले दक्षिण, पश्चिमा र राजनीतिक अधर्मीहरू द्वन्द्व चर्काउने प्रयास गरिरहन्छन् । यसरी सद्भावको कडी राजसंस्था रहदै आएको छ । अहिले पनि यस्तो डढेलो सल्कियो भने निभाउने राजसंस्थामात्र हो । कुनै दलप्रति राष्ट्रिय विश्वास कायम रहेको अवस्था छैन ।

सत्ताधारीले अथवा विदेशीले जतिसुकै विद्वेष फैलाउन खोजे पनि राजसंस्था हुँदा विकसित मौलो सद्भावले सधैं काम गर्ने निश्चित छ । कसैले तोडेर तोडिने नेपाली सद्भाव र एकता होइन यो । नेपालको शान्ति, सद्भाव, समभाव र प्रगति चाहने हो भने अभिभावकीय दायित्व अब खोज्नैपर्छ, स्थापित गर्नैपर्छ । स्वार्थका लागि विदेशतिर लागेर यस्ता अनेक अवाञ्छित कृयाकलाप गर्दै आएका छन् । कानुनव्यवस्था उल्लंघन गरेर भ्रष्टाचार त गरे गरे, नेपाली नेपालीवीच झगडा गराउने भूमिका समेत खेले । यी सबै अव्यवस्थाबाट आजित भएका पूर्वराजा जनतासँग देश बचाउन हात जोड्दै, देवदेवालय हिडिरहेका छन् । यस्ता पूर्वराजालाई साथ दिने जिम्मेवारी प्रत्येक नेपाली हुँ भन्नेको हो । नेतृत्व जो स्वार्थका लागि विदेशी अभिष्टतिर लागेका छन्, यसबाट सकल धर्मावलम्बी मारमा पर्छन् पर्छन्, देश पनि बर्बाद हुँदैछ । देशभित्र भ्रष्टाचार गर्ने, विदेशीको हण्डी खाएर देशलाई समाप्त पार्न खोज्ने यी कथित गणतन्त्र, लोकतन्त्रवादी एबम् धर्मनिरपेक्षताको खोले ओढेका यी नैतिकहीन अराष्ट्रिय चरित्रहरूलाई सत्ताबाट बहिर्गमन मात्र होइन, दण्डित समेत गर्नुपर्नेछ । मुलुक समाप्त पार्ने यी कुतत्वहरूलाई दण्डित गर्नु प्रत्येक नेपालको कर्तव्य हुनजान्छ कि अब राजालाई देख्यो कि राजा आउ देश बचाउ भनेर जयजयकार गर्नेमात्र होइन कि सडकमा उत्रेर आन्दोलनको सुरूआत गर्नुपर्छ । पूर्वराजा जनताका साथ र सहयोग, सल्लाहका लागि सडकमा उत्रिसके, जनता पनि ज्वालामुखीका रूपमा विद्रोही बनेर उत्रनुपर्‍यो । मौसमी आन्दोलनले केही हुनेवाला छैन, आन्दोलनको निरन्तरता माटोले खोजेको छ तवमात्र परिवर्तन सम्भव होला । जो राष्ट्रवादी छन्, नेपालवादी छन्, तिनहरू स्वतन्त्र, पार्टीमा अथवा जता छन्, एकताबद्ध हुनआउनुपर्‍यो । निदाएको बहाना गरेर बस्ने होइन, जुरूक्कै उठ्नुपर्‍यो । यिनको मिसन फेरि पनि चुनाव जित्ने र देशलाई हरिकङ्गाल बनाउने हो । बचेको नेपाल सिध्याउने यिनको मिसन छ ।

हेलो सरकारमा गुनासो गरौं,
समस्याको समाधान खोजौं ।

सार्वजनिक स्थल वा निकायमाः

- कुनै भेदभाव भएमा,
- सेवा प्राप्तिमा बञ्चित वा अवरोध भएमा।
- सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीर मर्का भएमा हेलो सरकारमा सम्पर्क गरौं ।

हेलो सरकारको निशुल्क टेलिफोन नम्बर १ १ १ १ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



दिव्य उपदेशमा पृथ्वीनारायण शाहले आफुले सपना देखेको चर्चा गरेका छन्- 'दुई हातमा दुई खड्ग लिएकी सातआठ वर्षकी कन्या म छेउ आइन्। मैले सोधैं- 'तिमी कसकी छोरी हौ ?' उनले पुजारी रानाकी छोरी हुँ भनिन् र दुवै खड्ग मेरा हातमा दिइन् । खोकिलाबाट प्रसाद झिकी मेरो मुख सम्म ल्याई यो निल भनिन् । तिम्रो मनोकाङ्क्षा पुर्‍याइदिएको छ ।' पुजारी मगर की कन्या छोरीले दिव्य सपनामा आएर आँटेको काम फत्ते हुन्छ भन्ने ढाडस दिएको केहि वर्षमा नै वि. सं. १८२५ भाद्र सुदी १४ रोज १, नेपाल संवत् ८८८ मा इन्द्रजात्राको आजकै दिन गोर्खाका राजा पृथ्वीनारायण शाहले कुमारीको पाउ ढोगेर आशिर्वाद लिँदै हनुमानढोकामा गद्दी आरोहण गरेको महान दिन पनि हो !

संयोग कस्तो ! मगर की छोरी कन्या कुमारीले सपनामा आएर "तिम्रो मनोकाङ्क्षा पुर्‍याइदिएको छ ।' भन्दै दिव्यवाणी दिएर हौसला प्रदान गर्नु र इन्द्रजात्राकै दिन साक्य थरको कन्या कुमारी छोरीको पाउ परेर आशिर्वाद थापेर हनुमानढोकाको राजसिंहासनमा आरोहण हुनु यो एक प्रकारले दैवी संयोग नै हो ।

तान्त्रिक परम्परामा अष्टमातृका मध्ये एक मातृकाको रूपमा 'कुमारी' लाई साक्षात काली भगवतीको रूपमा लिने गरिन्छ । बज्रयान बौद्ध तान्त्रिक परम्परा

*जिवित देवी कुमारीका विषयमा अनेक कथन छन् । विश्वमै यस प्रकारको सांस्कृतिक परम्परा छैन । यसकारण पनि नेपालको इन्द्रजात्रा र जिवित देवी कुमारीको विषयमा विश्व आश्चर्यचकित हुनेगरेको छ ।*

# जिवित कुमारीको विषय

अनुसार जिवित देवी कुमारी तान्त्रिक देवी बज्रवाराहीकै रूप हुन्, सत्ययुगमा बज्रवाराही, त्रेता युगमा वसुन्धरा, द्वापरमा महालक्ष्मी र कलीमा कौमारी एकै हुन् भन्ने मान्यता राख्छन् ।

o

इन्द्रजात्रा राजादेखि रैतीसम्म मिलेर मनाउने देशकै एउटा अनुपम साँस्कृतिक महोत्सव हो । यो पर्वमा राजाको सवारी भएर कुमारीको दर्शन गर्दै आशिर्वाद लिएर प्रसाद ग्रहण गर्ने परम्परा रहिआएको थियो ।

धर्म निरपेक्ष मुलुकको 'राष्ट्रप्रमुख'को ओहदामा भोलि इस्लाम वा इसाई समुदायको व्यक्ति राष्ट्रप्रमुखमा नियुक्त भएर आएको अवस्थामा इन्द्रजात्रामा कुमारीको दर्शन गर्न जान प्रसाद ग्रहण गर्न नमान्न सक्छ त्यतिबेलाको व्यवस्था के हुने ?

o

धार्मिक साँस्कृतिक चाडपर्वहरूमा धर्म निरपेक्ष मुलुकको मुखियाको उपस्थिति गराएर इन्द्रजात्रा मनाउनु साँस्कृतिक मुल्य मान्यतासँग मेल त खाँदैन नै । न त सेक्युलरवादीहरूकै सिद्धान्तसँग मेल खान्छ !

o

धार्मिक साँस्कृतिक परम्परा सिधा 'राज परम्परा'संग अविछिन्न रूपमा जोडिएको हुन्छ त्यसलाई गणतन्त्रको नाउँमा हामीले हस्तक्षेप गर्न दिन हुन्न विशेषगरी उपत्यकाको सचेत नेवा दाजुभाइहरूले यससम्बन्धी पुनर्बिचार गर्न जरूरी छ ।

o

जिवित देवी कुमारीको प्रचलन एउटा लोकोक्ति अनुसार काठमाडौंका राजा त्रैलोक्य मल्ल तलेजु भवानीसँग पासा खेल्थिन् । एकदिन पासा खेल्ने क्रममा त्रैलोक्य मल्लका छोराले देखेपछि, तलेजु भवानी अलप भइन् । त्यसपछिका दिनदेखि प्रत्यक्ष रूपमा राजाले दर्शन पाउन छोडे । राजा साह्रै चिन्तित हुँदै गएको देखेपछि देवी भवानीले शाक्य कुलकी कन्या कुमारीको रूपमा दर्शन दिने बाचा गरेकोले तलेजु भवानीको रूपमा कुमारीको दर्शन गर्ने परम्परा बसिआएको हो भन्ने भनाइ छ ।

o

केही समय अगाडीसम्म पनि राजाको कुण्डली र कुमारीको कुण्डली नमिलेमा राज्यमा अनिष्ट हुन्छ भन्ने मान्यता रहेकोले कुमारीको नियुक्ति हुन अगाडि गद्दीधारी राजाको र कुमारीको कुण्डली मिलाएर कुमारी राख्ने परम्परा थियो ।

-मोहन लामा रूम्वाको लेखनी ।

# राष्ट्रपति र प्रधानमन्त्री दुबैलाई नैतिक संकट



योगराज ढकाल अर्थात रिगल भनिने बाँकेका गुण्डा नाइकेलाई सरकारले आममाफी दिने जुन निर्णय गर्‍यो र राष्ट्रपतिले आँखा चिम्लेर प्रमाणिकरण गरिदिए, यो काण्ड सर्वोच्च पुगेको छ, सडकमा यो प्रकरणले उग्र रूप लिएको छ, यही काण्डले राष्ट्रपति र प्रचण्ड सरकार नैतिक संकटमा परेका छन्, सरकार र राष्ट्रपति गणतन्त्रवादी हुन्, लोकतन्त्रवादी हुन् भने सडकदेखि सदनसम्म राजीनामा दिनैपर्ने दबाबमा छन् ।

कानुनविदहरूले समेत प्रश्न उठाएका छन्- यो पद्धति रिगल कि लिगल ? गृहमन्त्री त सुन काण्डको छानबिनदेखि नै बिबादमा परेका छन् । प्रतिपक्षलाई डाम्ने र सत्ताधारी १० दलका कोही परे भने सुनपानी छर्कने दुईथरि नीति लिंदा गृहमन्त्री नारायणकाजीको जुन इमेद थियो, धुमिल बनेको छ ।

सत्ताधारी कांग्रेसका सांसदले नै जेलमा बसेका अदालतबाट जन्मकैद फैसला भएका जो जोलाई गणतन्त्र र संविधान दिवसका नाममा छोडिएको छ, ती सबैको विषयमा छानबिन गर्न आवाज उठाएका छन् । कस्तो सरकार यो ?

